जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विज्ञापन आचारसंहिताको पालना गरौं ।
- विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिष्पर्धी बनाउन विज्ञापन आचारसंहिता जारी भएको छ ।
- विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागु हुन्छ ।
- विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं।
विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १०७ • २०७९ साल भाद्र १९ गते आइतबार (4 September, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।–

## सबै क्षेत्रमा चुनाव लड्ने गरी तैयारी अवस्थामा बस्न अध्यक्ष यादवको निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले सबै क्षेत्रमा चुनाव लड्ने गरी तैयारी अवस्थामा बस्न निर्देशन दिएका छन् । महोत्तरीको जलेश्वरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले सो निर्देशन दिएका छन् ।

पहिचान र समानताको लागि जारी आन्दोलनको एउटा मोर्चा निर्वाचन समेत रहेको बताउँदै अध्यक्ष यादवले काठमाण्डुमा बस्नेलाई मधेश हेर्ने दृष्टिकोणमा परिवर्तन नआए सम्म आन्दोलन जारी रहने उनले बताए । संघीयता र गणतन्त्र खतरामा परेको बेलामा जसपाले नेतृत्व लिएर जोगाएको स्मरण गराउदै अध्यक्ष यादवले संघीयता र गणतन्त्रको रक्षाको लागि आफूहरु अझै पनि गठबन्धनको पक्षमा रहे पनि सबै सिट आफू लाई नै चाहिने प्रयास कतै बाट भए त्यो स्वीकार्य नहुने बताए ।

नेपाली कांग्रेसले कार्यदलको बैठकमा १०० सिटमा दाबी गरिरहेको प्रति इङ्गित गर्दै अध्यक्ष यादवले कसैको स्वार्थ पूरा गर्नका लागि गठबन्धन नबनेको भन्दै स्वार्थसिद्धिको भऱ्याङ्ग नबन्ने चेतावनी समेत दिएका थिए ।



गठबन्धन प्रतिगामीको विरुद्धमा बनेको चर्चा गर्दै उनले गठबन्धनमा पार्टीले आफ्नो हैसियत अनुसारको सिटमाथि दाबी गर्नु उचित रहेको उनले टिप्पणी गरे । गत स्थानीय तहको निर्वाचनमा आफ्ना उम्मेदवारलाई गठबन्धन दलकै नेताहरुले धोका दिएको भन्दै उनले निष्ठा र समर्पणको भाव नआए गठबन्धनको औचित्य नहुने उनले तर्क गरेका थिए ।

आफ्नो पार्टीको अथक प्रयासले नागरिकता विधेयक दुई दुई चोटी प्रतिनिधिसभा र राष्ट्रियसभावाट बहुमतले पास भए पनि केही मधेश विरोधी मानसिकताले त्यसलाई रोक्ने हर सम्भव प्रयास गरिरहेको उनले आरोप लगाएका थिए । नेकपा एमालेले अध्यादेशवाट ल्याएको नागरिकता विधेयक प्रमाणीकरण हुने तर, जनताले चुनेर पठाएको प्रतिनिधिहरुले बहुमतले पास गरेर पठाएको विधेयक प्रमाणीकरण नहुनेबाट मधेशलाई हेर्ने दृष्टिकोण स्पष्ट हुनेगरेको उनले तर्क गरेका थिए ।

मधेश आन्दोलनको बेला आन्दोलनलाई दबाउने र निहत्था मधेशी युवाहरुको टाउकोमा गोली हान्नेहरु मधेशी युवाहरुलाई अहिले पनि गैर नागरिक बनाएर दास जस्तो व्यवहार गरेको आरोप लगाएका थिए । मधेशका युवाहरुलाई भोटिङ्ग राइटबाट टाढा राख्ने नेकपा एमालेको अथक प्रयास यस पटक सफल नहुने र सदन देखि सडक सम्म गर्ने गरेको प्रतिगमनको विरुद्ध मधेशी जनता यस पटक उभिने विश्वास व्यक्त गरेका थिए ।

## मुख्यन्यायाधिवक्ताले दिए राजिनामा, जसपामा प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाले राजिनामा दिएका छन् । शनिबार उनले मुख्यमन्त्री लालबाबु राउतसमक्ष राजिनामा पत्र बुझाएका हुन् ।

राजिनामा बुझाएर उनले जनता समाजवादी पार्टी अध्यक्ष उपेन्द्र यादवको हातबाट जलेश्वरमा पार्टी प्रवेश गरेका छन् । ०७४ फागुण ७ गते उनी मधेश प्रदेशको मुख्यन्यायाधिवक्ता पदमा नियुक्त भएका थिए । विशेष कारणले राजिनामा दिएको उनले पत्रमा उल्लेख गरेका छन् । यद्यपि मंसिर ४ गते हुने निर्वाचनमा



महोत्तरी निर्वाचन क्षेत्र ३ बाट भाग लिन उनले राजिनामा बुझाएको बताइएको छ । 'नेपालको संविधानको धारा १६० (२) बमोजिम श्रीमानबाट मलाई यस प्रदेशको मुख्यन्यायाधिवक्ता पदमा मिति २०७४ चैत ७ मा नियुक्ति पाई काम कारवाही गरी आएकोमा मेरो विशेष कारणले गर्दा उक्त पदमा रही कामकाज गर्न सक्ने अवस्था नरहेकोले नेपालको संविधानको धारा १६० को उपधारा ४ को खण्ड 'क' बमोजिम यस पदबाट राजिनामा दिएको छु' पत्रमा लेखिएको छ ।

आसन्न निर्वाचनमा महोत्तरी क्षेत्र नम्बर ३ बाट उनी आकांक्षी हुन् । यस क्षेत्रबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुर तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट निर्वाचित छन् । मधेश प्रदेश सरकारको नेतृत्व गर्दै झाले करिब एक दर्जन मुद्दा संघीय सरकार विरुद्ध दर्ता गराएका थिए । प्रदेशको कानून निर्माणमा पनि उनले उल्लेख्य भूमिका निर्वाह गरेका थिए ।

पार्टी प्रवेश कार्यक्रममा उनले जनताले परिवर्तन चाहेको भन्दै देशमा सकारात्मक परिवर्तन गर्न राजनीतिमा आएको बताए । सफा भिजनसहित राजनीतिमा आएको उनको भनाइ छ । 'जनतालाई विकास र परिवर्तन चाहिन्छ । म किलियर भिजनसहित राजनीतिमा आएको छु' उनले भने, 'यहाँको शिक्षा, स्वास्थ्य, सडकसहितको विकास र सुधार हुनुपर्छ ।'

## सप्तरीका ९ वडा विपद् संकटग्रस्त क्षेत्र घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले सप्तकोसी नदीमा आएको बाढीबाट प्रभावित सप्तरीका ९ वडालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । गृह मन्त्रालयले गत साउन १७ मा सप्तकोसी नदीमा आएको बाढीबाट प्रभावित उदयपुर, सुनसरी र सप्तरीका ४ वटा नगरपालिकाका १६ वडालाई २०७९ पुस मसान्त सम्मका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको हो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ३२ मा उपदफा १ मा 'नेपालको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएकोले विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको सीमाना र अवधि तोकी विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नेछ' भनिएको छ । सोही दफा प्रयोग गर्दै गृहले उदयपुर जिल्ला बेलका नगरपालिकाका १, २, ३, ८ र ९ वडा, सुनसरीको बराहक्षेत्र नगरपालिका वडा नम्बर ६ र ९ तथा सप्तरीको सप्तकोसी नगरपालिका वडा नम्बर ६, ७ र ९ तथा सोही जिल्लाको कञ्चनरुप नगरपालिकाका १, २, ४, ५, ६ र १० नम्बर वडालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको गृह मन्त्रालयले जनाएको छ ।

विपद् संकटग्रस्त क्षेत्र घोषणाको सूचना गृहले शुक्रबार राजपत्रमा प्रकाशित गरेको हो ।

विपद् संकटग्रस्त क्षेत्र घोषणासँगै यी स्थानबाट सरकारले आवश्यकता अनुसार सरकारी तथा गैरसरकारी कार्यालय, निजी संघसंस्था, शिक्षण संस्थालगायतलाई केही अवधिका लागि बन्द गर्न सक्छ ।

त्यस्तै खोज/उद्धार कार्यमा कुनै प्रतिकूल असर पर्ने गतिविधि हुन नदिने, यी क्षेत्रमा रहेका संघ संस्थाका कर्मचारीलाई काजमा खटाउन सकिने छ । यस्तै विपद उद्धार कार्यको लागि गैरसरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्था वा व्यक्तिको चलअचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी रुपमा प्रस्त गर्ने, सरकारी स्रोत/साधनको उपयोग र परिचालन तथा गैरसरकारी कार्यालय तथा शिक्षण संस्थाका सवारीलाई सरकारले चाहेको बखत निश्चित अवधिका लागि नियन्त्रणमा लिएर प्रयोग गर्न सक्छ ।

यस्तै सरकारी पहलमा सहयोग टोली खडा गरेर प्रभावित क्षेत्रमा पठाउने, प्रभावित क्षेत्रका घरजग्गा, कलकारखाना, धार्मिक स्थल, देवालय र अन्य यस्तै किसिमका महत्वपूर्ण वस्तु तथा स्थानलाई नष्ट हुनबाट जोगाउने, जोखिम घोषणा गरिएका क्षेत्रमा यातायात तथा मानिसको आवतजावतमा बन्देज लगाउने, सर्वसाधारणको जीउधनको रक्षार्थ सुरक्षात्मक उपायको व्यवस्था लगायत काम गर्नुपर्ने हुन्छ । साउन १७ मा सप्तकोसीको बाढी उदयपुर, सुनसरी र सप्तरीका गाउमा पसेपछि साउन १८ मा त्यहाँका स्थानीय विस्थापित भएका थिए ।

उदयपुर र सप्तरी सीमा क्षेत्र नजिकैको डुम्रिबोटबाट सप्तकोसी नदीको पश्चिमतर्फको तटबन्ध भत्काएर बाढी मानव बस्तीमा पसेको थियो । बाढीबाट सयौं घर डुबानमा परेका थिए । संकटग्रस्त क्षेत्र घोषणा गरिएका वडाका सयौं घर डुबानमा परेका थिए । यसअघि सन् २००८ मा पनि कोहीको बाढी मानव बस्तीमा पसेर २ सय ५० बढीले ज्यान गुमाएका थिए ।

बाढीबाट करिब ५० हजार मानिस प्रभावित भएका थिए । यस पटकको बाढीले २०४५ सालमा परिवर्तन भएको धार पुरानै लयमा फर्किदा नदी आसपासका गाउँ डुबान र कटानबाट प्रभावित बनेका हुन् । त्यसबेला कोसीको धार बदलिएपछि नदीले छोडेको क्षेत्रमा मानव बस्ती बसेको थियो ।






# संघीय सरकारको असहयोगले प्रदेशमा उद्योगको वातावरण बन्न सकेनन् : मुख्यमन्त्री राउत

**बाला खुद्दार**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले संघीय सरकारको असहयोगले प्रदेशमा उद्योगको वातावरण वन्न नसकेको आरोप लगाएका छन् ।

जनकपुर उद्योग वाणिज्य संघको ५५ औं साधारण सभामा मुख्यमन्त्री राउतले मधेश प्रदेशमा लगानी गर्ने उद्योगपतिलाई संघीय सरकारले विभिन्न कानूनी दाउपेच लगाएर रोक्ने गरेको आरोप लगाए ।

प्रदेश सरकारले उद्योग ऐन र त्यसलाई कार्यान्वयन गर्न नियमावली बनाइ सकेको बताउदै मुख्यमन्त्री राउतले भने,' मधेश प्रदेश समतल भू-भाग हो । यहाँ उद्योग कलकारखानाको लागि उपयुक्त हो । छिमेकी मुलुक भारतसँग पनि जोडिएकोले उद्योगको लागि चाहिने आवश्यक कच्चा पदार्थहरु पनि कम खर्चमा ढुवानी गर्न सकिन्छ । तर विभिन्न कानूनी अडचनको कारण लगानीकर्ताहरु लगानी गर्न सकेका छैनन् ।'



प्रदेशमा २ सय वाट विजुली उत्पादन गर्न उद्देश्यले विद्युत्मा लगानी गर्न चौधरी ग्रुप तयार भएका थिए, मुख्यमन्त्री राउतले भने,' तर नेपाल विद्युत् प्राधिकरणले त्यसको ईजाजत नदिने भने पछि त्यो कार्य रोकियो ।'

'उद्योग कालकारखाना लगाउन जमिनको आवश्यक छ, तर प्रदेशका सरकारी स्वामित्वको जमिनहरु अझै संघीय सरकारको मातहतमा छ । त्यस्तो अवस्थामा प्रदेश सरकारले चाहेर पनि केही गर्न सकिरहेको छैन्, मुख्यमन्त्री राउतले भने । प्रदेश सरकार प्रदेशलाई उद्योग मैत्री प्रदेश बनाउने लक्ष्यका साथ उद्योग नीति ल्याएको मुख्यमन्त्री राउतले दाबी गरे ।

जनकपुर उद्योग वाणज्य संघका अध्यक्ष जितेन्द्र महासेठका अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसद तथा लोकतान्त्रिक समाजवादी पार्टी लोसपाका प्रमुख सचेतक परमेशर साह, जनता समाजवादी पार्टीका प्रदेश सांसद रामअशिष यादव, जनकपुरधाम उपमहानगरपालिका मेयर मनोज साह, पूर्व मेयर बजरंग साह सहितले मन्तव्य राखेका थिए ।

# पठनपाठन बन्द गरी आन्दोलन

**अजमल मिकरानी**

सर्लाही । सर्लाहीको हरिपूर्वा नगरपालिका वडा न-४, डुमरिया स्थित रहेको जनता आधारभूत विद्यालयका विद्यार्थीहरु पठनपाठन बन्द गरी आन्दोलनमा उत्रेका छन् । राहत कोटा अनुदानमा निमित्त प्रधानाध्यापकको पदमा कार्यरत शिक्षिका मीना यादवको सरुवा,विषय शिक्षक आपूर्ति तथा अभाव भएका कक्षा कोठाहरुको निर्माण गर्नुपर्ने माग राखेर उक्त विद्यालयमा अध्यनरत विद्यार्थीहरु पठनपाठन ठप्प पारी आन्दोलनमा उत्रेका हुन्।

उनीहरू आफ्ना मागहरु उल्लेख गरिएका प्लेकार्डहरु बोकेर नारावाजी गर्दै हरिपूर्वा नगर क्षेत्रको परिक्रमा समेत गरेका थिए ।

कक्षा ८ सम्म पढाई हुने उक्त विद्यालयमा ४ सयभन्दा बढी विद्यार्थीहरु अध्यनरत रहेका छन् । जसका लागि राहतकोटा अनुदानको एकजना प्रअ सहित दुईजना बालविकास कोटा र ५ जना स्वयंसेवक शिक्षक शिक्षिकाहरु गरी जम्मा ८ जना मात्र रहेका छन् ।

विद्यालयमा शिक्षकको अभाव र भौतिक संरचनाको कमीका कारण विद्यार्थीहरुको भविष्य अन्धकारमा परेको अभिभावकहरुले गुनासो गरेका छन् । शिक्षकको कमीका कारण अधिकाशं कक्षाहरु खालीनै रहने गरेको विद्यार्थीहरुले गुनासो गरेका छन् ।



वडा न- ४ को वडाध्यक्ष नोखेलाल रायले राहत कोटामा कार्यरत निमित प्रअ मीना यादव पूर्व वडाध्यक्षको बुहारी भएको कारण उनी वडा अध्यक्ष रहेको बेलादेखिनै विद्यालयको व्यवस्थापन अव्यवस्थित रहेकोले विद्यालयलाई व्यवस्थित रुपमा संचालन गर्न आफूले प्रअ यादवको तुरन्त सरुवा गरी अर्को शिक्षक पठाउन नगरपालिका संग माग गरिसकेको बताए । उता राहत कोटामा कार्यरत निमित प्रअ यादवले भने राहत कोटामा नियुक्ति पाएका कर्मचारीको सरुवा नहुने भनि शिक्षा ऐनमै उल्लेख रहेको र विगत ३ वर्षदेखि आफू निमित्त प्रअ भएर काम गर्दा विद्यालयमा अहिलेसम्म कुनै पनि किसिमको विवाद नभएको बताइन् ।

उनले नव निर्वाचित वडाध्यक्षले विद्यालयमा राजनीति गर्न विद्यार्थीहरुलाई ललाई फकाई नारा जुलुस गर्न लगाएको आरोप लगाएकी छन् ।

# दुई सय जनामा कोरोना सङ्क्रमण पुष्टि

काठमाण्डु । पछिल्लो २४ घन्टामा दुई सय जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार तीन हजार पाँच सय ३७ नमूना परीक्षण गर्दा सो संख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

एक हजार तीन सय ८१ नमूनाको आरटी पिसिआर विधिबाट परीक्षण गर्दा ९२ र दुई हजार एक सय ५६ नमूनाको एन्टिजेन परीक्षण गर्दा एक सय आठ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । शनिबार ३३९ जना सङ्क्रमणमुक्त भएका छन् । दुई लाख ९७ हजार ११५ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् । पछिल्लो २४ घन्टामा सङ्क्रमणबाट दुई जनाको मृत्यु भएको छ ।रासस


# प्रत्यक्ष र समानुपातिक तर्फ राय सिफारिस

**टुडे समाचारदाता**

जलेश्वर । नेपाली काङ्ग्रेस महोत्तरी निर्वाचन क्षेत्र नम्बर -४ को प्रतिनिधि सभाको प्रत्यक्ष र समानुपातिक तर्फ कांग्रेसका केन्द्रीय सदस्य महेन्द्र कुमार रायलाई सिफारिस गरिएको छ ।

काङ्ग्रेसका महोत्तरी क्षेत्र नम्बर ४ को क्षेत्रीय समितिको शनिबार भएको बैठकले नेता रायलाई प्रत्यक्ष र समानुपातिक दुबै तर्फ सर्वसहमतिबाट उम्मेदवार रुपमा सिफारिस गरिएको नेपाली कांग्रेसका युवा नेता तथा औरही नगरपालिका निवर्तमान मेयर सुनिल कुमार यादवले जानकारी दिए ।

त्यसैगरी, बैठकले समानुपातिक तर्फ महिलाबाट



संगीता मण्डल धानुको नाम सिफारिस गरिएको छ।

त्यसैगरी महोत्तरी निर्वाचन क्षेत्र न.४ (क) बाट प्रत्यक्षतर्फ नरेन्द्र यादव र श्याम यादव सिफारिस भएका छन् भने समानुपातिक तर्फ डा. अशोक अधिकारी, मो. अकरम, बिन्देश्वर यादव, रामबाबु यादव, निलम कुमारी यादव, सुनिता ठाकुर र फुल कुमार मण्डल सिफारिस भएका छन् ।

त्यस्तै, महोत्तरी निर्वाचन क्षेत्र न.४ (ख)को प्रत्यक्ष तर्फ राजनारायण यादव, दिप्तान्सु प्रसाद सिंह (नविन ) र प्रेमचन्द्र राय सिफारिस भएका छन् भने समानुपातिक तर्फ ललन कुमार सिन्हा र लिला कुमारी यादव सिफारिस भएका छन् ।

नेपाली कांग्रेस महोत्तरी क्षेत्र न.४ का क्षेत्रीय सभापति उत्तिम प्रसाद यादवको अध्यक्षतामा सम्पन्न भएको बैठकमा औरही नगरपालिकाका पूर्व मेयर यादव लगायत विभिन्न नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

# लागू औधषसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरीले लागू औषधसहित दुई जनालाई पक्राउ गरेको छ । शनिबार सशस्त्र प्रहरी बल नेपाल बिओपि महिनाथपुरले विदेह नगरपालिका १ स्थितबाट लागू औषधसहित दुबै जनालाई पक्राउ गरेको हो ।

भारतबाट नेपाल तर्फ आउदै गरेका सबैला नगरपालिका ४ बिनटोलिका २१ वर्षीय राजकिशोर मुखिया र सोही ठाउँका २२ वर्षीय शत्रुधन यादबलाई पक्राउ गरेको प्रहरी निरीक्षक गणेश दत्त पाण्डेले जानकारी दिए ।

उनका अनुसार शंका लागी चेकजाच गर्ने डाइलेक्स डीसी दुई बोतल र नाइट्रोभेट २० पत्तामा तीन



सय थान बरामद भएको छ। पक्राउ परेका उनीहरुलाई आवश्यक कार्वाहिको लागी ईलाका प्रहरी कार्यालय खजुरीमा राखिएको छ। उक्त विषयमा थप अनुसन्धान भइरहेको छ । पछिल्लो समय नेपाल भारत सीमाबाट विभिन्न माध्यमबाट लागू औषध ओसार पसार भइरहेका छन् । यी काममा बढी युवा प्रयोग भइरहेको छ ।

# आउने निर्वाचनको नतिजापछि एमालेको सरकार बन्छ : अध्यक्ष ओली

इनरुवा । नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आउने निर्वाचनबाट नेकपा (एमाले)को नेतृत्वमा सरकार बन्ने दाबी गर्नुभएको छ। सुनसरीको दुहबी नगरपालिकामा शनिबार एमाले क्षेत्र नं ३ ले आयोजना गरेको कार्यक्रममा उहाँले आफ्नो पार्टीले जनमत प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

एक वर्षमा सरकारले विकास निर्माणका आयोजनाहरू कटौती गरेको आरोप लगाउँदै अध्यक्ष ओलीले सामाजिक न्याय र समानताका आधारमा सबैलाई बराबरी हक, बराबरी सुरक्षा, बराबरी अवसर, बराबरी सम्मानका आधारमा राष्ट्रिय एकता कायम गरेर एकता प्रबद्ध प्रयासद्वारा नेपाललाई विश्वको नमूना राष्ट्रिय बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो । रासस

# १२ करोड ७ लाखको कारोबार

**टुडे समाचारदाता**

कलैया । सिमरा महिला बचत तथा ऋण सहकारी संस्थाको १५ औँ बार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाले आर्थिक बर्ष ०७८।०७९ मा करिब १ हजार ७ सय शेयर सदस्यबीच कारोबार गरी ६३ लाख ६२ हजार २ सय ४७ रुपैया खुद्रा नाफा आर्जन गरेको संस्थाकी अध्यक्ष अनिता लम्सालले जानकारी दिए ।

सिमरा महिला साकोसले गत साल निक्षेप ८ करोड ८ लाख ८० हजार ३ सय ९५ रुपैया र कर्जा ९ करोड ५१ लख २८ हजार ४ सय ४० रुपैया प्रवाह गरेको छ ।

स्थापना कालदेखि नै कुनै किसिमको घाटा नव्यहोरेको संस्थाले आर्थिक बर्ष ०७८।०७९ मा आर्जन गरेको नाफाबाट १८ प्रतिशत शेयर लाभांश वितरण गर्ने संस्थाका अध्यक्ष लम्सालले बताए । करिब १२ करोड ७



लाखको कारोबार गरेको सिमरा महिला साकोसले जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं.९ छातापिपरामा सेवा केन्द्र सञ्चालन गर्ने र समान प्रकृतिका सहकारीबीच एकीकरणको लागि पहल गर्ने संस्थाले लक्ष्य राखेको छ ।

संस्थाको औपचारिक कार्यक्रमको उद्घाटन जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले गरेका थिए।नगरप्रमुखपौडेललेसमाजमा अहिले पनि महिलामाथिको हिँसा ,छुवाछुत ,करणी ,बोक्सी प्रथा लगायतको समस्या विद्यमान रहेकाले महिला सहकारीहरु यस बिषयमा एकजुट भएर यसको निराकरणमा लाग्नुपर्नेमा जोड दिए । सहकारीका अध्यक्ष अनिता लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीमा उत्कृष्ट कारोबार गर्ने जनप्रतिनिधि र सञ्चारकर्मीलाई सम्मान गरिएको थियो ।

# ऊर्जामन्त्री भुसालद्वारा सार्वजनिक जग्गा संरक्षणका अगुवा सम्मानित

ललितपुर । ललितपुर महानगरपालिका-२५ खोकना दोबाटोस्थित सार्वजनिक जग्गा संरक्षणमा अग्रणी भूमिका निर्वाह गर्ने स्थानीय एवं समाजसेवीलाई शनिबार सम्मान गरिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले १०४ जनाभन्दा बढी सार्वजनिक जग्गा संरक्षण अभियन्तालाई सम्मान गर्नुभएको हो ।

खोकना डोबाटोस्थित करिब दुई रोपनी सार्वजनिक जग्गा भूमाफीयाले व्यक्तिका नाममा लैजाने प्रयास गरेपछि मन्त्री भुसालको अगुवाइमा १०४ जनाको संरक्षण समिति बनाएर सामुहिक ललितपुर जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो ।

संरक्षण समितिका सदस्यको सक्रिय पहलमा जिल्ला अदालत र पुनरावेदन अदालतले समुदायको नाममा समर्पित जग्गा व्यक्तिको




हुन नसक्ने फैसला गरेपछि सो जग्गा छ्यासिकोट सामुदायिक स्वास्थ्य भवन संरक्षण समितिको नाममा अर्थात सार्वजनिक रुपमा कायम भएको छ ।

सो अवसरमा समितिका तर्फबाट मुद्दाको नेतृत्व गर्ने वरिष्ठ अभिवक्ता तथा पूर्वमहान्यायाधिवक्ता रमणकुमार श्रेष्ठ, अन्य वकिल तथा संरक्षण समितिका अध्यक्ष कृष्णहरि खड्कासहित सदस्यहरु एवं अन्य समाजसेवीलाई मन्त्री भुसालले खादा लगाएर सम्मान गर्नुभयो ।

उक्त जग्गामा बनेको भवनमा स्थानीयले स्वास्थ्य शिविर एवं ध्यानयोग सञ्चालन गर्दै आएका छन् । समितिका सचिव रघुनाथ खड्काका अनुसार विसं २०५१ सालदेखि निरन्तर समुदायको पक्षमा सङ्घर्ष गर्दै आएर गत साउन १६ गते भएको उच्च अदालतको फैसलाले सार्वजनिक जग्गा व्यक्तिको हुनबाट जोगिएको छ ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता श्रेष्ठले एक पटक समुदायमा हस्तान्तरण गरिएको जग्गा पुनः व्यक्तिको हुन नसक्ने बताउँदै जग्गाधनी धनमाया महर्जनले विगत ३० वर्षअगाडि नै समुदायलाई हस्तारन्तर गरेको जग्गामा विभिन्न हकवालाको नाममा व्यक्तिको नाममा पार्ने प्रपञ्च भएको भन्दै त्यस्ता गविधिविरुद्ध एक भएर लाग्न सुझाव दिनुभयो।

कार्यक्रममा मन्त्री भुसालले भुमाफियाको विरुद्ध एकताबद्ध भएर स्थानीय जनताले मुद्दा दायर गरेको र सबैको पहलले जनताको सम्पती जनताकै नाममा रहने स्थिति सिर्जना भएको बताउनुभयो । उहाँले भन्नुभयो, ‟सार्वजनिक हितमा समर्पित भएर सार्वजनिक सम्पत्तिको संरक्षणमा लाग्ने सबैलाई बधाई, आगामी दिनमा पनि सार्वजनिक हितका लागि एकताबद्ध हुन अपिल गर्दछु ।'

सामाजिक न्ययको पक्षमा आफू निरन्तर समर्पित हुने विश्वास दिलाउँदै मन्त्री भुसालले भन्नुभयो, ‟सामाजिक लडाइको प्रतिकका रुपमा प्राप्त भएको यो जग्गामा समुदायका लागि वतावरणमैत्री वहुउपयोगी भवन निर्माण गरेर प्रयोगमा ल्याउन सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु, सार्वजनिक सम्पत्ति र संपदाको संरक्षणमा सबै लागौँ ।'

कार्यक्रममा प्रदेशसभा सदस्यद्वय राजकाजी महर्जन र जीवनराम श्रेष्ठले सार्वजनिक सम्पत्तीको संरक्षणका लागि समुदाय नै लाग्नुपर्नेमा जोड दिँदै समुदाय एक हुँदा आफ्नो संपदाको संरक्षण गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : धन बृद्धि सञ्चय । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# शहीदनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

यदुकूहा, धनुषा

मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०५।१९**

यस नगरपालिकाको अन्तर्गत रहेका तपसिल बमोजिमको पद करार सेवामा लिनु पर्ने भएकोले ईच्छुक योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. भानुचोक, जनकपुरधाममा रहेको खाता नं. १२२०१००३०१००१० मा रकम दाखिला गरेको भौचर वा कार्यालयबाट जारी भएको नगदी रसिद सहित दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त पदहरुको लागि दरखास्त फाराम कार्यालयको Website www.shahidnagarmun.gov.np बाट डाउनलोड गर्न वा कार्यालयबाट उपलब्ध गर्न सकिनेछ।

**तपसिल**

| विज्ञापन नं. | आवश्यक संख्या | पद | तह | आवश्यक न्यूनतम योग्यता | उमेरको हद म्याद |
|---|---|---|---|---|---|
| १।०७९।०८० | १ | ईन्जिनयर | अधिकृत छैठौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक (डिप्लोमा) तह वा सो सरह उत्तिर्ण भएको। | २१ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| २।०७९।०८० | १ | कृषि अधिकृत | अधिकृत छैठौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको। | २१ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| ३।०७९।०८० | १ | पशु-चिकित्सक | अधिकृत छैठौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको। | २१ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| ४।०७९।०८० | १ | मेडिकल अधिकृत | अधिकृत सातौं | नेपाल सरकारबाट मन्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS वा सो सरहको योग्यता प्राप्त गरी NMC को प्रमाणपत्र प्राप्त गरेको प्रमाणित प्रतिलिपी | २१ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| ५।०७९।०८० | १ | सव-ईन्जिनियर | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र (डिप्लोमा) तह वा सो सरह उत्तिर्ण भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| ६।०७९।०८० | ४ | हे.अ. | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट HA कोर्ष उत्तिर्ण वा सो सरह उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषद्‌मा दर्ता भएको प्रमाणित प्रतिलिपी। | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| ७।०७९।०८० | १ | प्राविधिक सहायक (प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ) | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र वा (डिप्लोमा) तह वा सो सरह उत्तिर्ण भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| ८।०७९।०८० | १ | रोजगार सहायक (प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ) | सहायक पाँचौ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको। | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| ९।०७९।०८० | १ | सूचना तथा परामर्शकर्ता | सहायक पाँचौ | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेका (स्नातकलाई विशेष ग्राह्यता दईने), सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा सही सूचना तथा परामर्श सेवा प्रदान गर्न सक्ने, सम्बन्धित सरोकारवालाहरुसँग राम्रो समन्वय गर्न सक्ने, MS Word, Excel को दक्षता भएको, नेपाली तथा अंग्रेजी भाषामा राम्रो टाइप Speed भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने। | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| १०।०७९।०८० | १ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| ११।०७९।०८० | १ | वित्तीय साक्षरता सहजकर्ता | सहायक पाँचौ | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको, वित्तीय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| १२।०७९।०८० | १ | ल्याव असिस्टेन्ट | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ल्यावमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी । | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| १३।०७९।०८० | ३ | अ.न.मी. | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी । | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| १४।०७९।०८० | ४ | अ.हे.व. | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए. कोर्ष उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपी। | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| १५।०७९।०८० | १ | लघु उद्यम विकास सहजकर्ता | सहायक चौथो | मान्यता प्राप्त शैक्षिक संस्थाबाट उद्यम विकास सहजकर्ता सम्बन्धी विषयमा प्राविधिक प्रवेश परीक्षा (TSLC)/ डिप्लोमा तह उत्तिर्ण वा (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षणमा तह २ वा ३ उत्तिर्ण गरेको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| १६।०७९।०८० | ९ | रिटर्नी स्वयंम सेवक परिचालन | श्रेणी विहिन | न्यूनतम कक्षा ८ उत्तिर्ण गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। महिला रिटर्नीलाई विशेष प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष नाघेको |
| १७।०७९।०८० | २ | ह.स.चा. | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा गाडी सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको तथा सवारी चालक अनुमती पत्र प्राप्त भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| १८।०७९।०८० | १ | एम्बुलेन्स चालक | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा गाडी सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको,सवारी चालक अनुमती पत्र प्राप्त भएको तथा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट निर्धारित एम्बुलेन्स चालकको तालिम प्राप्त गरेको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| १९।०७९।०८० | १ | हेभी ब्याकहो लोडर चालक | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा गाडी सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको तथा सवारी चालक अनुमती पत्र प्राप्त भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| २०।०७९।०८० | १ | टेक्टर चालक | श्रेणी विहिन | साधारण लेखपढ गर्न जानेको तथा टेक्टर सम्बन्धी यान्त्रिक कुरा जानकारी भएको तथा सवारी चालक अनुमती पत्र प्राप्त भएको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |
| २१।०७९।०८० | १० | कार्यालय सहयोगी | श्रेणी विहिन | साधारण लेखपढ तथा मान्यता शैक्षिक संस्थाबाट कक्षा ८ उत्तिर्ण गरेको। | १८ वर्ष पूरा भई ३५ वर्ष नाघेको |

१. **दरखास्त दिने स्थान:**- शहीदनगर नगरपालिकाको कार्यालय, यदुकूहा धनुषा।

२. **दरखास्त फारम बुझाउने मिति:**- २०७९।०५।१९ गते देखि २०७९।०६।०८ गतेसम्म (कार्यालय समयभित्र) उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म।

३. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**- व्यक्तिगत विवरण, नागरिकताको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, दरखास्त दस्तुर बुझाएको सक्कल भौचर/रसिद र अनुभव वा तालिम भए सो प्रमाणको प्रमाणित प्रतिलिपी र वैदेशिक शैक्षिक प्रमाण पत्र भएको खण्डमा नेपाल सरकारबाट समकक्षता गरेको प्रमाणित प्रतिलिपी।

४. **परीक्षा दस्तुर:**- अधिकृत स्तरको लागि रु. १०००।-, सहायक पाँचौ र चौथो रु. ५००।- र श्रेणी विहीनको लागि रु. ३००।-

५. **तलव/स्केल तथा कार्यशर्त विवरण:**- करार सम्झौतामा उल्लेख भए बमोजिम।

६. **परीक्षाको किसिम:**- संक्षिप्त सूचीकरण, प्रयोगात्मक र अन्तर्वार्ता।

७. **सम्पर्क मिति तथा स्थान:**- २०७९।०६।०९ गते बेलुका ५:०० बजेपछि दरखास्त फारम दर्ता गर्ने सम्बन्धित कार्यालयमा।

८. परीक्षा मिति र समय पछि तोकिने छ र सो को जानकारी यस कार्यालयको सूचना पाटी, वेबसाईटमा प्रकाशन गरिने छ।

९. सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ।

१०. रित नपुगी आएका दरखास्त फारम उपर कुनै कारवाही हुने छैन।

११. परीक्षा संचालन सम्बन्धी अन्य तथा अन्तिम निर्णय नगरपालिकाको "करारको कर्मचारी पदपूर्ति समिति" ले निर्धारण गरे बमोजिम हुनेछ।

१२. यस सूचनामा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**थप जानकारीको लागि:-**

सम्पर्क नं.:- ९८४४००५२३६, ९८२४८०१३१२ र ९८४४२४१६९९

www.shahidnagar.gov.np

# मेघौली विमानस्थलको काम छिट्टै हुन्छ : अध्यक्ष दाहाल

चितवन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मेघौली विमानस्थल स्तरोन्नतिको काम छिट्टै सम्पन्न हुने बताउनुभएको छ।

भरतपुर महानगरपालिकाले शनिबार आयोजना गरेको मेघौली विमानस्थलको स्तरोन्नतिसम्बन्धी अन्तर्क्रियामा उहाँले ऐतिहासिक महत्व बोकेको यो विमानस्थलको काम तीव्र गतिमा अघि बढ्ने बताउनुभयो।

विमानस्थल स्तरोन्नतिका लागि सर्वेक्षण गरेर प्राविधिक रिपोर्ट तयार गर्नका लागि प्रयोग गरिने ड्रोन उडाएर कामको सुभारम्भ गर्दै उहाँले छिट्टै विमानस्थलको कामले पूर्णता पाउनेमा आफू विश्वस्थ रहेको बताउनुभयो। भरतपुर विमानस्थलको बिस्तार र मेघौली विमानस्थलको धावनमार्गको कालोपत्रसहितको स्तरोन्नतिका लागि निरन्तर लागि रहनुभएका यसै क्षेत्रका सांसदसमेत रहनुभएकादाहाललेदुईविमानस्थलको विकाससँगै यहाँको पर्यटन क्षेत्रमा महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो।



उहाँले भन्नुभयो, "पर्यटन विकासको दृष्टिले मेघौलीको सम्भावना प्रचुर रहेको छ।' निकुञ्जसँगै आदिवासी समुदायको संस्कृति र वेषभूषाले पर्यटनलाई आकर्षण गरेको उहाँले बताउनुभयो । दाहालले भन्नुभयो, "थारु, दराई र कुमालको संस्कृति एवं परम्परासँगै निकुञ्ज हुनुका कारणले अपार सम्भावना र चुनौती दुवै छ।'

वन्यजन्तुबाट जनताको सुरक्षाका निम्ति नयाँ प्रविधिको प्रयोग गर्ने विषयमा छलफल चलिरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, प्रधानमन्त्री, अर्थमन्त्री र वन तथा वातावरणमन्त्रीसँग कुराकानी भइरहेको छ । भारतमा जस्तै यहाँ पनि नयाँ प्रविधिको प्रयोग गर्ने कुरा भइरहेको छ।' भारतमा वन्यजन्तुबाट जनताको सुरक्षाका लागि विशेष प्रकारको संयन्त्र विकास भएको भन्दै उहाँले यसका लागि केही करोड बजेट भए पुग्ने बताउनुभयो।आफूलेनारायणीतटबन्ध,चक्रपथ, भरतपुरदेखि मेघौलीसम्मको सहायक राजमार्ग, मङ्गलपुरदेखि मेघौलीसम्मको सडकको स्तरोन्नतिलगायत महत्वपूर्ण विकास निर्माणमा जोड दिएको अध्यक्ष दाहालले बताउनुभयो । मेघौलीलाई विशेष आर्थिक र पर्यटन क्षेत्रका रुपमा विकास गर्ने काम तीव्र गतिमा अघि बढेको उहाँले बताउनुभयो।

गोलाघाटमा पुल निर्माण युनेस्कोका कारण रोकिएको भन्दै उहाँले त्यसका लागि पनि पत्राचार गरिएको जानकारी दिनुभयो। राप्ती, रिउ र नारायणी नदीको सङ्गमस्थल पर्यटकीय हिसाबले महत्वपूर्ण रहेको उहाँले बताउनुभयो। आफू ११/१२ वर्षको हुँदा मेघौली विमानस्थलमा जहाज आएको र गएको समयलाई खाजा खाने समय सूचक बनाउने गरेको स्मरण उहाँले गर्नुभयो । कार्यक्रममा महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुर र मेघौली विमानस्थलको कामसँगै अघि बढेको भन्दै यसले महानगरको आर्थिक विकासमा ठूलो टेवा पुग्ने बताउनुभयो । पहिलो कार्यकाल थाल्दादेखि नै विमानस्थल बिस्तारको कामलाई प्राथामिकतामा राख्नुभएकी दाहालले यसले यहाँको विकासमा फड्को मार्न सहयोगी बन्ने बताउनुभयो। उहाँले भन्नुभयो, हाम्रो निरन्तरको प्रयास सार्थकतामा पुग्दैछ।

सोही अवसरमा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले मेघौली विमानस्थल गुणस्तरीय पर्यटक चार्टर गर्ने महत्वपूर्ण विमानस्थलका रुपमा विगतमा परिचित रहेको बताउनुभयो। भरतपुर विमानस्थल र मेघौली विमानस्थलको काम अघि बढेको भन्दै उहाँले यसले चितवनको विकासमा ठूलो सहयोग पुऱ्याउने बताउनुभयो। मेघौलीको सर्भे सकिएसँगै लागत निकालेर बोलपत्र आह्वान गरिने उहाँले जानकारी दिनुभयो । कार्यक्रममा भरतपुर महानगरपालिकाका पर्यटक विज्ञ सल्लाहकार डा विश्वराज सुवेदीले मेघौलीको पर्यटकीय महत्वकाबारेमा प्रकाश पार्नुभएको थियो। सरकारले चितवन निकुञ्जभित्र होटल सञ्चालन गर्न नपाउने नीति बनाएपछि विसं २०६७ को मङ्सिरदेखि विमानस्थल बन्द भएको हो।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# संघीयताका बाधकहरु

मधेश प्रदेशका मुख्यमन्त्रीलाई उनको पार्टी अध्यक्षले पदबाट राजिनामा गर्न निर्देशन गरेको समाचार प्रकाशमा आएको थियो। वाग्मती र लुम्बिनी प्रदेशमा पनि मुख्यमन्त्री परिवर्तनको हल्ला चलेको थियो। प्रदेश संघीयताको महत्वपूर्ण संरचना हो। संघीय तथा स्थानीय तहबीच प्रदेश सरकार सेतुको भूमिका खेल्नुपर्ने हो। दुर्भाग्य, बितेका पाँच वर्षमा कुनै पनि प्रदेश सरकारबाट उदाहरणीय कार्य हुन सकेन। सबैतिर उस्तै नालायकी र भ्रष्टाचार देखियो। संघीयता आफैंमा गलत पद्धति पक्कै पनि होइन। परन्तु, राजनीतिक दलका नेताहरूको असक्षमताका कारण प्रदेश सरकारलाई जनताको उत्थानको संवाहक बनाउन सकेनन्। उल्टै उनीहरूका क्रियाकलापले जनमानसमा संघीयताप्रति नै वितृष्णा उब्जने जोखिम बढेको छ। कुनै पनि प्रदेशले सकारात्मक छवि बनाउन नसकेका बेला वाग्मती प्रदेश सरकारले नागरिकको मौलिक हकमै अतिक्रमण गर्ने र प्रदेशको अलग्गै गुप्तचरी संयन्त्र खडा गर्ने विवादास्पद कानून बनाएको छ। संविधानको भावनाविपरीत बनाइएका यस्ता कानूनबाट संघीयताकै संरचनाप्रति वितृष्णा बढ्न सक्छ। यसैबीच गण्डकीको बजेट काण्ड, लुम्बिनीको शपथ ग्रहणदेखि सांसद अपहरण, मधेशको साइकल खरिदमा भ्रष्टाचारजस्ता अनेकौं विकृति र विसङ्गति देखापरे। यी सबैलाई संघीय लोकतन्त्र विरोधीहरूले प्रदेश संरचना नै गलत हो भन्ने भ्रम फैलाउन दुरुपयोग गरेका छन्। माथिका सबै विकृतिहरू यथार्थमा संघीयताको उपज भने होइन। नेपालका राजनीति दलका नेताको बदनियत, नालायकी र अज्ञानले उब्जाएका समस्या हुन्। जिम्मेवार हुनुपर्नेहरू गैरजिम्मेवार र स्वार्थी भएकाले यस्ता विकृति पैदा भएका हुन्। तस्करीमा सजाय पाएको गैरसांसदलाई मन्त्री बनाउने वा सबै सांसदलाई मन्त्री हुने पालो पुऱ्याउनेमा दोषी राजनितिक दल हो संघीयता होइन। यथार्थमा राजनीतिक शक्तिको यसरी दुरुपयोग गर्नेहरू संघीयताका 'कलङ्क' हुन्। यसैले संघीयता र त्यसमा पनि प्रादेशिक संरचनाप्रति जनमानसमा वितृष्णा उत्पन्न नहोस् भन्ने चाहने हो भने राजनीतिक दलका नेताहरूले पदलोलुपता र भ्रष्ट क्रियाकलापलाई प्रोत्साहन दिनु हुँदैन। अहिलेका नेताहरूबाट यस्तो व्यवहारको अपेक्षा गर्न सकिँदैन। यसैले अबको निर्वाचनमा जनताले विकृति र विसङ्गतिहरूलाई पन्छाउन सक्नुपर्छ। कम्तीमा पनि विवादमा परेकाहरूलाई चुनावबाटै परास्त गरेर लोकतन्त्रको रक्षा गरौँ। संघीयताका धमिरालाई जनताले नै पन्छाए भने लोकतन्त्र विरोधीहरूले पनि शिर उठाउने छैनन्।

# बालेनको आक्रामक कदमको चौतर्फी प्रभाव



प्रभाषचन्द्र झा

(वरिष्ठ पत्रकार)

'बालेन ! बालेन !! बालेन !!!' यत्र तत्र सर्वत्र यो नाम चर्चामा छन्। अहिले यो नाम अधिकांस नेपालीका लागि कर्णप्रिय बनेको छ। नाममा के छ र ! उत्कृष्ट काम गर्दा व्यक्ति लोकप्रिय हुने र उसको 'नाम' कर्णप्रिय हुने हो। काठमाडौंका मेयर बालेन्द्र शाह(बालेन)ले छोटो समयमैं महानगरपालिकालाई व्यवस्थित बनाउनका लागि थालेका कार्य सर्वसाधारण जनतालाई मन पराएपछि उहाँको नाम कर्णप्रिय भएको हो। सामाजिक सञ्जालका साथै विभिन्न सञ्चारमाध्यममा वालेनको चर्चाले भरिभराउ छ। कतिपयले हिन्दी चलचित्र'नायक'मा एकदिने मुख्यमन्त्री बनेका अनील कपुरको 'ठाउँको ठाउँ' कारवाहीको दृश्यका तस्विरका साथ काठमाडौं अतिक्रमण हटाउनका लागि प्रयोगमा ल्याइएका डोजरसहित बालेनको तस्विर राखेका छन्। जो कोहीले मुलुकको हरेक कुना कुनामा बालेनजस्तै मेयर हुनुपर्ने भनेर सामाजिक सञ्जालमार्फत माग गर्न थालेका छन्।

हिन्दी चलचित्र 'नायक'को कथा काल्पनिक हो। तुलनानै गर्नुपर्ने हो भने कडाईका साथ कानुन पालना गराउने पदाधिकारीसँग गर्दा सुहाउँछ। भारतमा सन् १९९० डिसेम्बर महिनामा निर्वाचन आयोगको प्रमुख आयुक्त बनेका तिरुनेलै नारायण अइर शेषण (टीएन शेषण)सँग तुलना गर्दा उचित हुन्छ। हुन त दुवै पदमा धेरै भिन्नता छन्। अर्को, पदीय जिम्मेवारी र अधिकार क्षेत्रपनि फरक छन्। मेयर निर्वाचित व्यक्ति हुन्छ भने प्रमुख आयुक्तको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुन्छ। संविधानले दिएका अधिकारलाई कडाइका साथ पालना गराउने विषयमा दुवैबीच समानता देखिएकाले तुलना गर्न खोजिएको हो।

टी एन शेषणले भारतमा निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउनका लागि संविधानले दिएका अधिकारलाई कडाइका साथ पालना गर्न लगाए। आयोगको शक्तिको पहिचान गराए। अटेर गर्नेमाथि उहाँले अविलम्ब कारवाही थालेको थियो। यस विषयमा कुनै दिन विस्तारमा लेखौंला। तर, टी एन शेषणको कडा कारवाही फलस्वरुप भारतमा निर्वाचन प्रणालीमा धेरै सुधार भयो। अहिले मेयर बालेन पनि स्थानीय ऐनलाई कडाइका साथ प्रयोगमा ल्याउन खोजेका हुन्। बालेन सफल भयो भने ऐन कानुनको परिधिभित्र बसेर संरचना निर्माणलगायत कार्य नगरे भविष्यमा क्षतिका साथै दण्डितपनि हुने सन्देश सर्वसाधारणमा पुग्नेछ। भरसक, गल्ति नगर्ने सोचको विकास हुनेछ। अर्कोतर्फ, यस कार्यमा बालेन असफल भयो भने ऐन कानुन मिच्ने प्रवृति मौलाउने छन्। राजनीतिक रुपमा बालेनलाई असफल बनाउनका लागि मुख्य दलहरु भित्रभित्रै षडयन्त्र गरेको भनेर सन्देशपनि प्रवाह हुनेछ। जसकारण, आउँदो निर्वाचनमा मुख्य दलविरुद्ध जनमत तयार सम्भावित खतरापनि देखिन्छ।

मेयर बालेनले आफ्नै मनले केही गरेको होईन्। कानुनको परिधिमा बसेर दृढ इच्छाका साथ स्थानीय ऐनलाई कार्यान्वयनका लागि अग्रसर भएका हुन्।यस कार्यमा महानगरपालिकाका निर्वाचित प्रतिनिधिका साथै कर्मचारीहरुको पनि पूर्ण सहयोग देखिन्छ। केही गर्ने दृढ इच्छा हुनु पर्‍यो। न्यायिक भावना हुनु पर्‍यो। साना ठूलाको भेदभाव नगरी बेथितीको विरुद्ध कार्य गर्‍यो भने सफलता प्राप्त हुन्छ भनेर बालेनले गरेर देखाइरहेका छन्।

यसअघिका मेयरहरुले स्थानीय ऐनलाई व्यक्तिपिच्छे फरक फरक ढङ्गले आफ्ना अनुकुल प्रयोग गरेकाले नै काठमाडौं गञ्जागोलको अवस्थामा पुगेको हो। मेयर बालेनले पदीय कर्तव्य इमान्दारिता साथ निर्वाहगर्न जुटेको देखिन्छ। स्थानीय ऐन सवैका लागि एकसमान भएकाले नियमविपरीत निर्माण भएका संरचनामाथि डोजर चलाउने नीतिमा अडिग छन्।

नेपालको राजधानीसमेत भएका काठमाडौं सफासुग्घर र व्यवस्थित नभएमा अन्तर्राष्ट्रिय जगत नकारात्मक सन्देश प्रवाह हुन्छ। विभिन्न मुलुकका राजदुतावास छन्। विदेशी पाहुनाहरुको आवतजावत भइरहन्छन्। राष्ट्रको पहिचान विश्वसामु एक स्वच्छ एवम् सुन्दर र अनुशासित देश देखाउनु छ भने सर्वप्रथम, काठमाडौंलाई कुरुप शहरको कथित संज्ञाबाट हराभरा, स्वच्छ र व्यवस्थित शहर बनाउनुपर्छ। यस कार्यका लागि पहिलो चरणमा काठमाडौंमा फोहोरको व्यवस्थापन र ट्राफिक समस्यामा सुधारको आवश्यकता छ। सडक अतिक्रमण हटाउने र बेसमेन्ट पूर्णरुपले पार्किङको रुपमा सदुपयोग भएमा ट्राफिक समस्या पच्चीस प्रतिशतले घट्ने अनुमान गरिएको छ। अर्कोतर्फ, बेसमेन्टहरुबाट पसल हटेपछि सो क्षेत्रका सडकको चाप घट्नुका साथै ति पसलहरुबाट निस्कने फोहोरजन्य पदार्थ फाल्ने गतिविधि धेरै हदसम्म घटने छन्।

दैनिकी मजदुरी गर्नेदेखि उद्योगपति, व्यापारी, विद्यार्थीलगायत देशभरका जनता मेयर बालेनको 'बेसमेन्ट' खाली गराउने र अवैध संरचना हटाउने अभियानलाई बडो चासोका साथ नियालिरहेका छन्। बालेन अतिक्रमण हटाउनुका साथै महानगरको बक्यौंता कर वसुलका लागि कडा कदमपनि उठाएकाले यतिखेर, चौंतर्फी स्वागत भइरहेको छ। यस प्रभाव अन्य स्थानीय निकायमा पनि परेको छ। पोखरा महानगरपालिका, मध्यपुर नगरपालिका कर्णाली प्रदेशको वीरेन्द्रनगरपालिकालगायतका कतिपय नगरपालिकाले ३५ दिने सूचना जारी गरी अतिक्रमण हटाउन निर्देश जारी गरेका छन्।

अभियानको रुपमा अतिक्रमण हटाउने कार्य भएकाले अव, व्यापारिक प्रयोजनका साथै घर बनाउँदा स्थानीय निकायका शर्तलाई पालना गरेर मात्रै निर्माण गर्ने र नक्सा पास नभएसम्म निर्माण कार्य नथाल्ने भन्ने सन्देश राष्ट्रव्यापी रुपमा जनमानसमा प्रवाह भएको छ। अव, स्थानीय ऐनलाई पैसा र पावरको बलमा खल्तिको ऐन सम्झनेहरुले पटक पटक सोच्ने छन्। ट्राफिक समस्या केही हदसम्म घटेपनि अर्कोतर्फ कतिपयको व्यापारपनि चौंपट भएको हो। ति व्यापारीहरुलाई विजोग त पक्कै भएको छ। दसैंसम्म पसल थाप्न दिँदा हुन्थ्यो। तर, त्यति समय दिनासाथ बालेनले आर्थिक चलखेल गर्‍यो भनेर आरोप लाग्ने डरपनि छ। त्यसकारणले पनि डोजर अभियानलाई बालेनले निरन्तरता दिएको हो जस्तो बुझिन्छ। मर्कामा परेका व्यापारीहरुलाई वैकल्पिक ठाउँ उपलब्ध गराउनेतर्फ महानगरका साथै सङ्घीय सरकारलाई ध्यान दिँदा उत्तम हुने थियो।

**राजनेताको टाउको दुखाइ**

एमालेबाट निर्वाचित तत्कालीन मेयर विद्यासुन्दर शाक्य बडो आकर्षक व्यक्तित्वको स्वामी हुनुहुन्छ। आफ्नो चम्किलो अनुहारजस्तै महागरपालिकालाई किन चम्काउन असमर्थ हुनुभयो। उहाँले आफ्ना पदीय जिम्मेवारी इमान्दारितापूर्वक निर्वाह गरेको भए, आज यो परिस्थिति उत्पन्न हुने थिएन्। शाक्यको असफलताले गर्दानै बालेन शाहको उदय भएको अर्थ्याउन सकिन्छ।

काठमाडौं महानगरपालिकाको मेयर पदमा स्वतन्त्र उम्मेद्वारको रुपमा बालेनको जितको खवर काँग्रेस र एमालेमाथि बज्रपातसरह नै थियो। राजधानीको मेयर पद गुमाउने पीडा दुवै दलका लागि असहय थियो नै अहिले महानगरलाई सफासुग्घर गर्ने अभियानलाई बालेनको तीव्रताले कतिपय नेतालाई जनमत खुस्किने डरपनि सताउन लागेको देखिन्छ। ति दलका नेताहरुमा के भ्रम थियो भने एक्लै बालेनले के गर्न सक्छ र, ? यो चाँडै असफल हुन्छ। उनको जोशिलो भाषण सुनेर लहैलहैमा युवावर्गले साथ दिएको हो। काठमाडौंको फोहोर व्यवस्थापन भनेको फलामको चिउरा चपाउनेसरह हो। यस कार्यमा असफल हुनासाथ बालेनको लोकप्रियता स्वत खतम हुने सोचे थियो। तर, बालेनले बडो सुझबुझका तत्कालका लागि फोहोर व्यवस्थापना गर्‍यो। अव, अतिक्रमण हटाउने र बेसमेन्ट खाली गराउने अभियानलाई निरन्तरता दिँदा मुख्य दलका नेताहरु फस्किएका छन्। भित्रभित्रै उहाँहरुलाई पश्चातापपनि हुँदै होला कि आफूहरुले महानगरलाई व्यवस्थित पार्नका लागि किन केही गरेनौं।

बालेनको अभियानप्रति खासगरी एमालेका नेता महेश बस्नेतले संयमता गुमाउँदै प्रतिक्रिया दिएका छन्। उक्त धम्किसहितको प्रतिक्रियाको नागरिक समाज, प्रबुद्धवर्ग, राजनीतिज्ञका साथै सामाजिक सञ्जालमा समेत बस्नेतको आलोचना भएको छ। तर, यस विषयमा स्थानीय निर्वाचनको समयदेखि अहिलेसम्म काँग्रेसका नेताहरु बढी संयमित भएर प्रतिक्रिया दिने गरेको पाइएको छ।

**युवा परिवर्तनका संवाहक**

काठमाडौंका जनताले मेयरमा स्वतन्त्र उम्मेद्वारको रुपमा बालेनलाई जिताएर आफूहरु कुनै दलको 'दास' होइनौं भन्ने सन्देशपनि दिएको छ। दलहरुलाई सुध्रिनका लागि सचेत गराएको रुपमा पनि सम्झनुपर्छ। अव, दलहरुलाई सुध्रिनु पर्छ। स्वच्छ छविका इमान्दार व्यक्तिलाई आउँदो निर्वाचनमा उम्मेद्वार बनाउनुपर्छ। यसो नगरे भने अव देशभरका युवाहरु दलहरुभित्रका फोहोरलाई व्यवस्थापनगर्न मतदानमार्फत अग्रसर हुने प्रवल सम्भावना छ। नेपालको राजनीतिले कोल्टो फेर्न खोजेको सङ्केतको रुपमा सम्झनुपर्छ।

युवावर्ग परिवर्तनका संवाहक हुन्। युवाकै वलमा मुलुकमा प्रजातन्त्रको पुनःस्थापना र ०६२को जनआन्दोलन सफल भएको हो। काठमाडौंका जनता सडकमा उत्रिएपछि आन्दोलनले मूर्तरुप लिएको थियो। काठमाडौं तातिएपछि निश्चित रुपमा परिवर्तन हुने गरेको इतिहास छ। युवाहरु हतास मनस्थितिमा छन्। उनीहरुको धेर्य टुटन लागेको छ। किनभने, विगत तीस बर्षको अवधिमा ज्ञानेन्द्रको शाही शासनबाहेक २७ पटक प्रधानमन्त्री फेरिएका छन्। मुलुकले स्थायी सरकार पाएन्। संविधान निर्माणपछि २०७४ सालमा केपि ओली झण्डै दुइ तिहाइको बहुमतका साथ प्रधानमन्त्री बनेपछि जनतामा धेरै ठूलो उत्साह र विश्वास जागृत भएको थियो। तर, विश्वासमाथि कुठाराघातनै भयो। चालीस लाखको हाराहारीमा युवाहरु वैदेशिक रोजगारमा छन्। उद्योग चौंपट छन। जुन सरकार आउँछ। करारमा आफ्ना नातागोता र कार्यकर्ताको भर्ना गर्छन्। जहाँतहाँ बेथिति छ। भ्रष्टाचार व्याप्त छ। कतिपय स्थानीय निकायका प्रमुखहरुले भ्यूटावर निर्माणलाई नै विकास सम्झेका छन्। प्रत्येक बर्ष अर्बोका खाद्यान आयात हुन्छ। नेताहरुको गफ त मङ्गलग्रहमैं पुऱ्याउनेस्तरको छ। त्रिभुवन विश्वविद्यालयमा सधैं ताल्चानै झुण्डिएको हुन्छ। महङ्गी चरमोत्कर्षमा पुगेको छ। शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रको अवस्था दिनप्रतिदिन खस्किँदै गइरहेको छ। पाइला पाइलामा कर तिर्नु पर्छ। ति करको समूचित ढङ्गले देश र जनताको विकासमा खर्च हुनुपर्छ। जनताको करबाट नेताहरु रजाइ गरिरहेका भनेर जनताहरु मनमस्तिष्कमा घर गर्न थालेका छन्। समग्रमा भन्नुपर्दा कुनैपनि क्षेत्रले जनताको मन जित्न नसकेको अवस्था छ। जनतामा नैराश्यता छाएको छ। यस्तो वेलामा बालेनतर्फ जनताले टकटकी लगाएर हेर्न थालेका छन्। आउँदो निर्वाचनमा बालेनहरु जन्माउनतर्फ जनता उद्यत छन्।

दलहरुलाई जनताको विश्वास जित्नु छ भने दलभित्र इमान्दार, स्वच्छ छविका व्यक्तिलाई उम्मेद्वार बनाउनुपर्छ। नत्र, भने भारतको राष्ट्रिय काँग्रेस र बामपन्थी पार्टीको जस्तै हविगत हुन बेर लाग्दैन्। लोकतन्त्रको मेरुदण्ड भनेको कानुनी राज्य हो। कानुनको पालना नभएमा लोकतन्त्र वा गणतन्त्रको मूल्य मान्यताको ह्रास हुन्छ। राजनेताहरुले जनताबीच दिने यस्ता उपदेशहरु आफ्ना जीवनशैलीमा उतार्न नखोज्दा राजनीतिक क्षेत्र विकृत हुन थालेको हो। 'इतिश्री' !

> *संविधान निर्माणपछि २०७४ सालमा केपि ओली झण्डै दुइ तिहाइको बहुमतका साथ प्रधानमन्त्री बनेपछि जनतामा धेरै ठूलो उत्साह र विश्वास जागृत भएको थियो। तर, विश्वासमाथि कुठाराघातनै भयो। चालीस लाखको हाराहारीमा युवाहरु वैदेशिक रोजगारमा छन्। उद्योग चौंपट छन। जुन सरकार आउँछ। करारमा आफ्ना नातागोता र कार्यकर्ताको भर्ना गर्छन्। जहाँतहाँ बेथिति छ। भ्रष्टाचार व्याप्त छ। कतिपय स्थानीय निकायका प्रमुखहरुले भ्यूटावर निर्माणलाई नै विकास सम्झेका छन्। प्रत्येक बर्ष अर्बोका खाद्यान आयात हुन्छ। नेताहरुको गफ त मङ्गलग्रहमैं पुऱ्याउनेस्तरको छ। त्रिभुवन विश्वविद्यालयमा सधैं ताल्चानै झुण्डिएको हुन्छ।*

# कोरोना महामारीपछि नेपाल-थाइल्याण्ड सम्बन्ध विस्तारका आयाम



गणेशप्रसाद ढकाल

विश्वव्यापी कोरोना सङ्क्रमणपछि विकसित विश्व परिवेशमा नेपाल र थाइल्याण्डबीचको बहुआयमिक सम्बन्धलाई नयाँ ढङ्गबाट थप सुदृढ तुल्याउन दुवै मुलुकबीच सरकार र जनस्तरबाट पहल थालनी भएको छ। नेपाल र थाइल्याडबीच ३० नोभेम्बर १९४९ मा कूटनीतिक सम्बन्ध स्थापना हुनुअघिदेखि रहँदै आएको मैत्री सम्बन्धले आपसी सद्भाव, विश्वास र सहयोगका क्षेत्रलाई बढाउँदै लगेको छ।

नेपालप्रति थाइल्याण्डको राजपरिवार, सरकार र जनताको उच्च सम्मान रहेको पाइन्छ भने नेपालले पनि थाइल्याण्डलाई जहिले पनि एक असल मित्र राष्ट्रकारुपमा मात्र नहेरी विपद्को समयमा मानवीय सहयोग गर्ने हितैसी राष्ट्रका रुपमा लिने गरिन्छ। कोभिडका समयमा जतिबेला नेपालमा अक्सिजनको अभावका कारण धेरैले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था थियो, त्यतिबेला अक्सिजन कन्टिनेटरलगायत विशेष जहाज चार्टड गरी थाइल्याण्डले विभिन्न स्वास्थ्य सामग्री पठाइएको थियो।

त्यस्तै भूकम्पका बेलामा पनि थाई सरकार र जनताले खुल्ला ह्दयले गरेको सहयोग कसैले बिर्सन सक्दैन। विश्वव्यापी महामारीले दुई मित्रराष्ट्र नेपाल र थाइल्याण्डबीचको पर्यटन आदानप्रदानलाई प्रवर्द्धन गर्न सार्वजनिक तथा निजी क्षेत्रका सबै सरोकारवालालाई पर्यटन र लगानीका क्षेत्रमा पुनःरुत्थान तथा दिगो विकासका लागि हातेमालो गरेर अगाडि बढ्न नयाँ सम्भावनाको उजागर पनि गरेको छ। नेपालमा अहिले नै विभिन्न थाइ कम्पनीले पर्यटन, प्रविधिलगायतका क्षेत्रमा लगानी गरिरहेका छन्। संस्कृति, खानपिन, रहनसहनले पनि नेपाल थाइल्याण्डबीचको द्विपक्षीय दौत्य सम्बन्धलाई अझ सुदृढ तुल्याउन बल मिलेको छ। थाइल्याण्ड र नेपालमा हात जोडेर अभिवादन गर्ने समान परम्परा रहेको छ। थाइल्याण्ड नेपालको शैक्षिक गन्तव्यस्थल पनि हो। सन् १९६० मा एआइटीको स्थापना भएदेखि नेपाली विद्यार्थी छात्रवृत्तिमा यहाँ पढ्न आउने गरेका छन्। यहाँ रहेका नेपालीमध्ये झण्डै ४० प्रतिशत विद्यार्थी नै छन्।

थाइल्याण्ड र नेपालबीचको सम्बन्धलाई कसिलो बनाउने मुख्य आधार भनेकै पर्यटन हो। नेपालले खासगरी सांस्कृतिक र साहसिक पर्यटनका क्षेत्रमा बढीभन्दा बढी थाई पर्यटकलाई भित्र्याउनसक्ने सम्भावना छ। थाइल्याण्ड नेपालमा सबैभन्दा बढी पर्यटक आउने प्रमुख १० देशमध्ये पर्दछ। सन् २०१९ मा ४१ हजार ६५३ जना थाई पर्यटकले नेपाल भ्रमण गरेका थिए। भिजिट नेपाल २०२० को निकै राम्रो प्रचार भएको थियो तर कोराना सङ्क्रमणले गर्दा परिणाम आउन सकेन। सन् २०२० को पहिलो तीन महिनामै २० हजारले नेपाल भ्रमण गरिसकेका थिए। यो सङ्ख्या एक लाख पुग्न गाह्रो थिएन। अहिले पनि हामीले निरन्तर प्रयास गरिरहेका छौं।

दुई मुलुकबीच बौद्ध धर्ममार्फत जोडिएका सांस्कृतिक एवं जनस्तरका सम्बन्धलाई थप प्रगाढ बनाउन दुवैतर्फ रहेका बौद्ध तीर्थस्थलमा पर्यटक आवागमनलाई बढावा दिन आवश्यक छ। तीर्थयात्री र अन्य आगन्तुकका लागि बौद्ध धर्मका आध्यात्मिक पक्षको सारको आनन्द लिनका लागि लुम्बिनी पर्यटकीय र सांस्कृतिक केन्द्रका रूपमा केन्द्रित विकासको एक थलो पनि हुन सक्छ। आज विश्वका झण्डै ९७ प्रतिशत बौद्ध जनसङ्ख्या एशियाली महादेशमा बसोबास गर्दछन्। भूटान, कम्बोडिया, जापान, म्यानमार, नेपाल, श्रीलङ्का, थाइल्याण्ड, आदि जस्ता धेरै देशले बुद्ध धर्मलाई आफ्नो राष्ट्रिय मूल्य र पहिचानको अन्तर्निहित मान्छन्। थाइल्याण्डका लागि नेपाली राजदूतले सिङ्गापुर, लाओस, भियतनाम, कम्बोडियासमेत हेर्नुपर्ने हुँदा ती देशका खासगरी बौद्ध धर्मावलम्बीलाई लक्षित गरी कूटनीतिक माध्यमबाट पर्यटन प्रवर्द्धनमा जोड दिने काम भएको छ।

लुम्बिनी र पोखरालाई धार्मिक र साहसिक पर्यटकका रुपमा विकास गर्न सकिने सम्भावना छ। यी दुवै ठाउँमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएका छन्। गौतमबुद्ध विमानस्थल निर्माण भइसकेपछि हामीले यहाँबाट धेरै पर्यटक भित्र्याउन सक्छौं। थाइल्याण्ड र भैरहवा विमानस्थलबीच सिधा हवाई सम्बन्ध जोड्न सकिए नेपालमा थाई पर्यटकको आगमन बढाउन सकिन्छ। स्माइल थाई एयरलाइन्ससँग थप उडानका लागि कुराकानी भएको छ। उसले चासो दिएको पनि छ। यसले व्यापारिक हिसाबले अध्ययन गरिरहेको होला। सन् १९६८ देखि थाई एयरवेज इन्टरनेशनलले सेवा प्रदान गरेको रुटमा पुनः हवाई सेवा सञ्चालन गर्दै यसले नेपाल र थाइल्याण्डको सम्बन्ध अझ नजिक बनाएको छ भने नेपाल वायुसेवा निगमले पनि उडान भरेको छ। थाइल्याण्डबाट आउने र नेपालबाट थाइल्याण्ड जाने पर्यटकको सङ्ख्या बढिरहेका सन्दर्भमा आपसी सहकार्य गर्नसके दुवै देशको पर्यटन प्रवर्द्धन गर्न सघाउ पुग्ने देखिन्छ।

थाइल्याण्डलाई लुम्बिनीसँग जोड्न सकिएमा यो हाम्रा लागि ठूलो उपलब्धि हुनेछ। थाइल्याण्डका अधिकांश जनता बौद्धमार्गी भएकाले तिनलाई लक्षित गरी उडान गर्न सकिएमा एक/दुई वर्षभित्र पर्यटकको सङ्ख्या बढाउन कुनै समस्या नहोला। बुद्ध जन्मस्थल लुम्बिनीमा वार्षिक करिब तीन हजार थाई पर्यटकले भ्रमण गर्ने गरेका छन्। पर्यटकलाई बुद्धबारे जान्ने बुझ्ने र बसाई अवधि लम्ब्याउन पनि सहयोग पुग्नेछ। लुम्बिनीसँगै कपिलवस्तु र रामग्रामलाई जोडेर बुद्ध सर्किटको अवधारणाअनुरुप बुद्धसँग जोडिएका अन्य स्थानमा समेत थाइ पर्यटकलाई लैजाने गरी ती क्षेत्रको विकासमा ध्यान दिनसकेमा नेपालले थाइल्याण्डले जत्तिकै पर्यटनबाट लाभ लिन सक्छ। नेपाल गौतमबुद्धको जन्मस्थल रहेको र थाइल्याण्ड बौद्धमार्गी देश भएकाले नेपाल थाइल्याण्डको लागि धार्मिक पर्यटनको मुख्य गन्तव्यस्थल बन्न सक्छ। त्यसैले गौतमबुद्धको जन्मभूमि लुम्बिनी थाइल्याण्डका नागरिकका लागि प्रमुख तीर्थस्थल हो भन्ने कुरा प्रचारप्रसार गराउन जरुरी छ।

पोखरा पनि अर्को गन्तव्यस्थल बन्न सक्छ। थाइल्याण्डका कतिपय युवा साहसिक पर्यटनका पारखी भएकाले उनीहरुलाई पोखरासँग जोड्न सकिन्छ। प्याकेज टुरमा जोड दिनुपर्छ। थाइल्याण्डका जनता समूहमा भ्रमण गर्न रुचाउँछन्। नेपालका सांस्कृतिक सम्पदा हेर्न जान खोज्ने पर्यटक पनि यहाँ उत्तिकै रहेका छन्। नब्बे प्रतिशत बौद्ध धर्मावलम्बी जनसङ्ख्या रहेको थाइल्याण्डका जनताले बुद्धको पूजा गर्दासमेत ब्राह्मणबाट गणेश, शिव र विष्णुको पूजा गर्ने चलन रहेको पाइन्छ।

थाइल्याण्ड र नेपालबीचको राजनीति एवं जनस्तरको सम्बन्ध मजबुत छ तर व्यापारिक सम्बन्ध भने अझै विस्तार हुन सकेको छैन। दुई देशबीच व्यापार घाटा उच्च रहेको छ। नेपालबाट यहाँ आयात निकै न्यून छ तर निर्यात बढी भएकाले बर्सेनि व्यापार घाटा बढ्दो छ। आसिआनका राष्ट्रबीच खुला व्यापार सम्झौता भएका कारण नेपाली उत्पादनले यहाँ प्रतिस्पर्धा गर्न गाह्रो छ। नेपालले चियामा केही निर्यात गर्न सक्छ। यहाँ कफीको माग उच्च रहे पनि हामीले निर्यात गर्न अहिले नै सक्ने अवस्था छैन।

थाइल्याण्ड व्यापारिक केन्द्र पनि हो। यसका लागि नेपाली व्यापारी पनि विभिन्न तहमा सम्पर्क र सम्बन्ध विस्तार गर्दै हुनुहुन्छ। हामीले यसका लागि सहजीकरण गरिदिएका छौं। दुई देशको सम्बन्धलाई अझ सुमधुर बनाउनका लागि कृषि, पर्यटन, व्यपार तथा पूर्वाधारमा सँगै मिलेर काम गर्न सकिने प्रशस्त सम्भावना छ। लगानीमैत्री वातावरणसँगै सरल एवं सहज कानूनी प्रक्रियाबाटै विदेशी लगानी आकर्षित हुने भएकाले त्यस दिशामा हामीले ध्यान दिनु जरुरी छ। पर्यटनसँगै कृषि प्रविधि, प्रविधि हस्तान्तरणका माध्यमबाट थाइल्याण्डले नेपालको सामाजिक-आर्थिक उन्नयनमा सहयोग गर्दै आएको छ। त्यसैले हामीले पर्यटन र लगानीमा जोड दिनुपर्छ।

कोभिड-१९ महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानअन्तर्गत पाटा नेपालले विदेशी स्रोत बजारमा गएर पहिलो पर्यटन प्रर्वद्धन कार्यक्रम आयोजना गरेको थियो। हालै गैरआवासीय नेपाली सङ्घको एशिया प्रशान्त क्षेत्रीय भेला पनि बैंककमा सम्पन्न भएको छ। यस्ता कार्यक्रमले पनि नेपालकाबारेमा थाइल्याण्डका पर्यटकदेखि लगानीकर्तालाई नेपालबारे बुझ्न सहयोग पुगेको छ। थाइ जनता र नेपाली जनताबीच बढ्दै गएको सकारात्मक सम्बन्धलाई सम्मान गर्न र उक्त सम्बन्धलाई अझ प्रगाढ र दिगो बनाउनु नै हाम्रो कर्तव्य र जिम्मेवारी पनि हो।

थाइल्याण्डमा नेपालको प्रवर्द्धन गर्न त्यहाँस्थित सञ्चारमाध्यम र नेपालमा थाइल्याण्डको प्रवर्द्धन गर्न नेपालका सञ्चार माध्यमहरुबीच सहकार्य गर्न दुवैतर्फबाट पहल आवश्यक छ। थाई ट्राभल एजेन्टस् तथा आगन्तुकलाई सहज भिसा सेवा, नेपाल भ्रमणका सम्बन्धमा जानकारी गराउने तथा अन्य आवश्यक सहयोग प्रदान गर्न नेपाली दूतावासले सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। दुवै देशका कूटनीतिक व्यक्तिहरुको मैत्रीपूर्ण भ्रमणको कार्यक्रमलाई निरन्तरता दिने र पर्यटनका राम्रा अभ्यास आदानप्रदान गर्न सकिने विषयमा छलफल भएको छ। भगवान् बुद्धको जन्मस्थल लुम्बिनी वरपर विकास भइरहेका पर्यटन पूर्वाधार र पर्यटकीय गतिविधिको सम्भावनालाई प्रकाश पार्दै थाइल्याण्ड-नेपाललाई बौद्ध पर्यटनका माध्यमबाट जोड्ने अवसरको खोजी गर्न ढिलाइ गर्नु हुँदैन। लेखक थाइल्याण्डका लागि नेपालका राजदूत हुन।

> *कोभिड-१९ महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानअन्तर्गत पाटा नेपालले विदेशी स्रोत बजारमा गएर पहिलो पर्यटन प्रर्वद्धन कार्यक्रम आयोजना गरेको थियो। हालै गैरआवासीय नेपाली सङ्घको एशिया प्रशान्त क्षेत्रीय भेला पनि बैंककमा सम्पन्न भएको छ। यस्ता कार्यक्रमले पनि नेपालकाबारेमा थाइल्याण्डका पर्यटकदेखि लगानीकर्तालाई नेपालबारे बुझ्न सहयोग पुगेको छ। थाइ जनता र नेपाली जनताबीच बढ्दै गएको सकारात्मक सम्बन्धलाई सम्मान गर्न र उक्त सम्बन्धलाई अझ प्रगाढ र दिगो बनाउनु नै हाम्रो कर्तव्य र जिम्मेवारी पनि हो।*

# सदगुरुको माटो जोगाऔँ अभियानमा वन मन्त्रालयको ऐक्यबद्धता




काठमाण्डु । 'सेभ सोइल' अर्थात् माटो जोगाऔँ अभियानसँग वन तथा वातावरण मन्त्रालयले पनि ऐक्यबद्धता जनाएको छ।

वन तथा वातावरणमन्त्री प्रदीप यादवले अभियानका लागि नेपाल आउनुभएका सदगुरुलाई वन शुभकामना पत्र हस्तान्तरण गर्दै अभियानसँग ऐक्यबद्धता जनाउनुभएको हो।

ललितपुर जिल्लाको गोदावरीमा आयोजना गरिएको एक कार्यक्रममा उहाँले माटो जोगाऔँ अभियानका लागि सदगुरुले गर्नुभएको ३० हजार किलोमिटर यात्रालाई सम्मान गर्न र सघाउन वन मन्त्रालयमार्फत देशभरिमा कम्तीमा पनि ३० हजार वृक्षरोपण गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

"तपाईंको अभियानमा मन्त्रालयसहित अन्य माध्यममार्फत सधैँ हातेमालो गरेर अगाडि बढ्ने छौँ, तपाईंले गरेको राम्रो काममा हाम्रो ऐक्यबद्धता छ", मन्त्री यादवले भन्नुभयो, "वृक्षरोपणको कार्य भदौ महिनाभित्रै सुरुआत गरिने छ।"

उक्त अभियानका अभियान्ता जग्गी वासुदेवलाई नेपालमा स्वागत गर्न पाउँदा आफू निकै हर्षित भएको उहाँले बताउनुभयो। माटो जोगाएर पृथ्वीको खेतीयोग्य माटोमा जैविक शक्ति बढाउनका लागि सदगुरु जग्गीले चलाउनुभएको उक्त महाअभियानको जति प्रशंसा गरे पनि कम हुने मन्त्री यादवको भनाइ थियो। सदगुरुलाई यादवले प्रतिबद्धतापत्र हस्तान्तरणसँगै संसारको दुर्लभ एकसिङ्गे गैंडाको फोटो उपहार प्रदान गर्नुभएको थियो।

मन्त्री यादवले भन्नुभयो, "सदगुरुले गर्नुभएको काम, खासगरी हामी राजनीतिज्ञले गर्ने काम हो, हामीले गर्नुपर्ने काम तपाईंले गरिरहनुभएको छ, योभन्दा अरु खुसीको कुरा के होला ?"

# गुणस्तरीय स्वास्थ्यलाई सरकारले प्राथमिकतामा राखेको छ : प्रधानमन्त्री देउवा




काठमाण्डु । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गुणस्तरीय स्वास्थ्यलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभएको छ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था प्रजातन्त्रवादी चिकित्सक सङ्घले शनिबार लैनचौर ब्याङ्क्वेटमा आयोजना गरेको 'सम्मान तथा शुभकामना आदानप्रदान' कार्यक्रममा उहाँले संविधानले स्वास्थ्य र शिक्षा क्षेत्रलाई मौलिक अधिकारका रूपमा ग्यारेन्टी गरेको बताउनुभयो।

"समृद्ध नेपाल निर्माणमा स्वास्थ्य क्षेत्रको महत्वपूर्ण भूमिका छ, यसलाई सरकारले प्राथमिताका साथ बजेट विनियोजन गरेको छ", प्रधानमन्त्री देउवाले भन्नुभयो। आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्रोत साधनको व्यवस्थालाई सरकारले प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो।

उहाँले कोभिड-१९ को समयमा चिकित्सकले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै कोरोना महामारीको समयमा खटिएका चिकित्सकलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो। सरकारले चिकित्सा शिक्षालाई सस्तो, सुलभ र सबैको पहुँचमा पुर्‍याउन काम गरिरहेको उहाँको भनाइ थियो।

प्रधानमन्त्री देउवाले ग्रामीण क्षेत्रका जनतालाई गुणस्तरीय स्वास्थ्य र सहज उपचार पाउने गरी सरकारले काम गरिरहेको बताउनुभयो। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजिकिएको उल्लेख गर्दै उहाँले निर्वाचनमा कांग्रेसको पक्षमा जनमत सिर्जना गर्न प्रजातन्त्रवादी चिकित्सक सङ्घको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। सरकारले निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न लागेको उहाँले बताउनुभयो। कांग्रेस उपसभापति धनराज गुरुङले मुलुकको हरेक आन्दोलनको नेतृत्व कांग्रेसले गरेको उल्लेख गर्दै समृद्ध नेपालको नेतृत्वका लागि आगामी निर्वाचनमा पार्टीलाई पहिलो बनाउनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा कांग्रेस नेता डा शेखर कोइरालाले स्वास्थ्य क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्न नसकेको गुनासो गर्नुभयो। "सरकारले देशको कुल बजेटको जम्मा पाँच दशमलव ७५ प्रतिशतमात्र स्वास्थ्य क्षेत्रका लागि छुट्ट्याएको छ, उक्त बजेट स्वास्थ्य क्षेत्रका लागि एकदमै न्यून हो", उहाँले भन्नुभयो। नेता कोइरालाले कुनै पनि देशलाई समृद्ध बनाउनका लागि स्वास्थ्य र शिक्षामा बजेट पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्ने बताउनुभयो। जनतासँग प्रत्यक्ष जोडिएको स्वास्थ्य र शिक्षा मन्त्रालयलाई आगामी दिनमा कांग्रेस आफैँले राख्नुपर्ने उहाँको भनाइ थियो। उहाँले पार्टी र संसद्का महत्वपूर्ण क्षेत्रमा पेशागत क्षेत्रको प्रतिनिधित्व गराउन सकेमात्र देशको विकास हुने स्पष्ट पार्नुभयो।

कांग्रेस पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाले दुर्गम क्षेत्रका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न प्रजातन्त्रवादी प्राध्यापक सङ्घले भूमिका खेल्नुपर्ने बताउनुभयो। आगामी मङ्सिरमा हुन लागेको निर्वाचनमा चिकित्सकहरूलाई टिकट दिएर सम्मान गर्नुपर्ने उहाँको भनाइ थियो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका स्वास्थ्य सल्लाहकार डा आरपी विच्छाले वर्तमान सरकारले सबै नेपालीलाई खोपको सुनिश्चितता गरेर प्रशंशनीय काम गरेको बताउनुभयो। "कोरोनाको उपचारमा खटिएका चिकित्सक तथा नर्सलाई भत्तादेखि लिएर चिकित्सकको सुरक्षाका लागि बनेको ऐन पास गरेर चिकित्सा क्षेत्रमा सरकारले उल्लेखनीय काम गरेको छ", उहाँले भन्नुभयो।

नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा लोचन कार्की, प्रजातन्त्रवादी चिकित्सक सङ्घका पूर्वअध्यक्ष डा केदारनरसिंह केसी, प्रजातन्त्रवादी चिकित्सक सङ्घका महासचिव डा मुक्तिराम श्रेष्ठलगायतले नेपालका हरेक आन्दोलनमा नेपालका चिकित्सकले खेलेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै चिकित्सकलाई संसद् र पार्टीका विभिन्न तहमा ठाउँ दिन आग्रह गरे। विसं २०६६ मा स्थापना भएको प्रजातन्त्रवादी चिकित्सक सङ्घले सातै प्रदेशमा आफ्नो प्रदेश शाखा स्थापना गरी चिकित्सकको हक, हित र अधिकारका क्षेत्रमा काम गर्दै आएको सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीले जानकारी दिनुभयो। सो अवसरमा प्रजातन्त्रवादी चिकित्सक सङ्घका पूर्वअध्यक्ष डा केसी, लक्ष्मीराज पाठक र महासचिव डा मुक्तिराम श्रेष्ठलाई सम्मान गरिएको थियो।रासस

# गौरा पर्वको संरक्षण र प्रवर्द्धनमा सबै लाग्नुपर्छ : मन्त्री बडू

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले सुदूरपश्चिम प्रदेशलगायत क्षेत्रमा मनाइने गौरा पर्वको संरक्षण र प्रवर्द्धन गर्न सबै लाग्नुपर्ने बताउनुभएको छ।

गौरा पर्व २०७९ को अवसरमा प्रसंशा संरक्षण समूहले आज यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री बडूले गौरा पर्व र मौलिक संस्कार, संस्कृति र धार्मिक एवं सामाजिक चाडपर्वको संरक्षणको निम्ति सङ्घ, प्रदेश र स्थानीय गरी तीनवटै सरकारको उत्तिकै महत्वपूर्ण भूमिका हुने बताउनुभयो।

सुदूरपश्चिमको मात्रै नभई नेपालकै प्रमुख पहिचानका रूपमा रहेको गौरा पर्व, देउडा संस्कृतिको संरक्षण र सम्वर्द्धनमा सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो।

गहुँ, केराउ, गहत, मास र गुरौसको समीश्रणबाट बन्ने बिरुडा खाएर धार्मिक आस्था, आपसी सद्भाव बढाउनुका साथै सुख शान्ति प्राप्ति तथा इष्ट र कुलदेवता खुसी हुने विश्वासका साथ मनाइने गौरा पर्वलाई धार्मिक सहिष्णुता र सद्भावको रुपमा पनि हेरिन्छ।

गौरा पर्वको अवसरमा आज देशैभरि विभिन्न कार्यक्रम गरी मनाइएको छ। सोही अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले गौरा पर्व सुदूरपश्चिमको मात्रै नभएर सिङ्गो देशकै पर्व भएको बताउँदै त्यसको संरक्षण पनि सिङ्गो देशले नै गर्नुपर्नेमा जोड दिनसभयो। नेकपा (एमाले) का नेता भीमबहादुर रावलले पछिल्लो समयमा कला, संस्कृति, भाषा कमजोर भन्दै गएको भन्दै त्यसको राज्यले संरक्षण गर्नुपर्ने बताउनुभयो।

पूर्वमन्त्री चन्द्रदेव जोशी, नेपाली कांग्रेसका नेता रमेश लेखक, सांसद निरादेवी जैरु र नेकपा (माओवादी केन्द्र) का नेता खगराज भट्टलगायतले गौरा पर्वले पारिवारिक तथा सामाजिक जीवनमा आपसी प्रेम, विश्वास र सम्बन्ध प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो।

सो पर्वले विविध जातजाति, भाषाभाषी र सांस्कृतिक परम्परा बोकेका सम्पूर्ण नेपालीबीचको भावनात्मक एकतालाई अझै बलियो बनाउने उहाँहरुको भनाइ थियो।रासस

# सामाजिक विभेद अन्त्य गर्नुपर्छ : महासचिव भुसाल

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)का महासचिव डा वेदुराम भुसालले मुलुकमा विद्यमान असमानताको अन्त्य गरी नागरिक स्वतन्त्रता कायम गर्न मार्क्सवादी दर्शन वैज्ञानिक भएको बताउनुभएको छ।

नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन समाजवादीको प्रथम उपत्यका विशेष प्रदेश सम्मेलनमा उहाँले समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक भाषिकलगायतका विभेद विद्यमान रहेकाले त्यसको अन्त्य गर्नुपर्ने बताउनुभयो। उहाँले नागरिकका राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका पक्षमा मार्क्सवादी विचार केन्द्रित रहेको उल्लेख गर्दै सम्पूर्ण नेता तथा कार्यकर्तालाई त्यस्ता क्षेत्रमा क्रियाशील हुन निर्देशन दिनुभयो।

संविधान र लोकतन्त्रको रक्षाका लागि विद्रोहबाट स्थापित आफ्नो पार्टी नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा, पुनर्गठन, विकास र रूपान्तरणका लागि सक्रिय रहेको उहाँले बताउनुभयो। नेपाली कम्युनिष्ट आन्दोलनमा देखापरेको विकृति आत्मकेन्द्रित व्यक्तिवाद भएको भुसालको भनाइ थियो।रासस

# इमान्दार वामपन्थी विचारधारा बोकेका पार्टीसँग एकता हुन्छ : अध्यक्ष नेपाल




मोरङ । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले नेकपा माओवादीसित मात्र होइन, मुलुकका सबै इमान्दार वामपन्थी विचारधारा बोकेका पार्टीसँग एकताका सम्बन्धमा कुराकानी चलिरहेको बताउनुभएको छ।

पूर्वप्रधानमन्त्री नेपालले शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै मुलुकका सबै सच्चा इमान्दार वामपन्थी विचारधारा बोकेका पार्टी एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो।

गठबन्धन दलहरूबीच जित्ने आधारमा सिटको बाँडफाँट हुने उहाँले बताउनुभयो। विगतमा गठबन्धन दलहरूका उम्मेदवारले जितेको सिटका आधारलाई टेकेर बाँडफाँट हुने अध्यक्ष नेपालको धारणा थियो। अध्यक्ष नेपालले वर्तमान अवस्थामा गठबन्धन दल मिलेर जानु नै लोकतन्त्रको सुदृढीकरण, सङ्घीयताको कार्यान्वयन, सुशासन र मुलुकका लागि फलदायी हुने बताउनुभयो।

"सिट बाँडफाँटको चाँडै टुङ्गो लाग्ने विश्वास छ", उहाँले भन्नुभयो। अध्यक्ष नेपालले विगतमा नेकपा (एमाले)ले ल्याएको नागरिकतासम्बन्धी अध्यादेशअनुसार नै वर्तमान सरकारले विधेयक ल्याएकाले यसको विरोध गर्नुको कुनै अर्थ नरहेको प्रष्ट पार्नुभयो।रासस

# शिक्षा र स्वास्थ्यको जिम्मा सरकारले लिनुपर्छ : वरिष्ठ नेता पौडेल



दमौली। नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले शिक्षा र स्वास्थ्यको जिम्मा सरकारले लिनुपर्ने बताउनुभएको छ। तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको आज आयोजित ३६औँ वार्षिकोत्सव तथा ११औँ साधारणसभाको उद्घाटन गर्दै उहाँले संविधानमा नै समाजवाद उन्मुख लेखिएकाले शिक्षा र स्वास्थ्यको जिम्मेवारी सरकारले लिनुपर्ने बताउनुभयो।

देशलाई काम गर्ने जनशक्ति आवश्यक भएको उल्लेख गर्दै नेता पौडेलले सीपवान नागरिक तयार गर्ने खालको शिक्षा अहिलेको आवश्यकता रहेको औँल्याउनुभयो। आदिकवि भानुभक्त क्याम्पसलाई प्राविधिक क्याम्पसको रुपमा रुपान्तरण गर्नुपर्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "सीपवान नागरिक उत्पादन गर्नुपर्छ, त्यसका लागि प्राविधिक शिक्षाको खाँचो छ। आदिकवि क्याम्पस अब उक्त बाटोमा अगाडि बढ्नुपर्छ।"

वरिष्ठ नेता पौडेलले मुलुकको नेतृत्व गर्ने इच्छाशक्ति आफूमा रहेकाले अहिल्यै सक्रिय राजनीतिबाट विश्राम नलिने बताउनुभयो। "सक्रिय राजनीतिबाट म अहिल्यै उन्मुख हुन्न", उहाँले भन्नुभयो।

कार्यक्रममा तनहुँ क्षेत्र नं १ का सांसद एवं पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठ, गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विक, प्रदेश सांसद सरिता गुरुङ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, नेकपा एमाले तनहुँका अध्यक्ष एवं म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, नेपाली कांग्रेसका उपसभापति देवकुमार श्रेष्ठ, क्याम्पस सञ्चालक समितिका अध्यक्ष ब्रम्हदत्त तिमिल्सिनालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

सो अवसरमा क्याम्पस स्थापनाकालदेखिसहयोगपुर्‍याउनुहुने पूर्वराज्यमन्त्री अमरराज कैनी, तमबहादुर दरै र दामोदर खनाललाई सम्मान गरिएको थियो। हाल उक्त क्याम्पसमा तीन हजार एक सय विद्यार्थी अध्ययनरत छन्।रासस

# नेपाल घुम्ने पर्ने मुलुक हो भनेर विश्वका बौद्ध समुदायमाझ प्रचार गर्न अत्यावश्यक : मन्त्री श्रेष्ठ

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठले नेपाल एक पटक घुम्ने पर्ने मुलुक हो भनेर विश्वका बौद्ध समुदायमाझ प्रचार गर्न अत्यावश्यक रहेको बताउनुभएको छ। धर्मोदय सभाको ७७ औं केन्द्रीय वार्षिक साधारण सभालाई शनिबार सम्बोधन गर्दै मन्त्री श्रेष्ठले पर्यटन प्रवर्द्धनको अहिलेको तौरतरिका बदलेर नेपाल हिमाल हेर्न र पदयात्रा गर्न मात्रै हैन बाऱ्है महिना घुम्न सकिने साँस्कृतिक सम्पदायुक्त मुलुक पनि हो भनेर प्रचारात्मक अभियान थालिनु पर्नेमा जोड दिनुभयो।

समाजमा विद्यमान अन्तरविरोध, तनाव र अस्वस्थ प्रतिस्पर्धालाई शान्तिमा रुपान्तरण गर्न बुद्धका सन्देशलाई व्यापक बनाउनुपर्ने उहाँको भनाइ थियो। उक्त साधारण सभामा बुद्ध धर्मको अध्ययन गरी खेन्पो (विद्यावारिधि) उपाधि हासिल गर्नुभएका तीन भिक्षु तथा भिक्षुणीलाई अभिनन्दन गरिएको थियो।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु धम्मशोभन महास्थविरबाट पञ्चशील प्रदान गरी शुरु गरिएको उक्त कार्यक्रममा संस्थाका जेष्ठ सदस्य स्याङ्जाका ललित बहादुर गुरुङलाई पनि सम्मान गरिएको थियो। संस्थाका महासचिव सागरमान बज्राचार्यले संस्थाले १३ औँ राष्ट्रिय सम्मेलन यसै वर्ष आयोजना गर्ने तयारी गरिरहेको जानकारी साधारणसभालाई दिनुभएको थियो। धर्मोदय सभाको ५६ जिल्लामा शाखाहरु रहेका छन्।

यज्ञमान पति बज्राचार्यको नेतृत्वमा रहेको वर्तमान कार्यसमितिको पदावधि आजैदेखि समाप्त भएकाले यसै साधारण सभाले नयाँ कार्यसमितिको चयन गर्नेछ। उपाध्यक्ष ७, सचिव १ र सह-कोषाध्यक्ष १ पदका लागि भोलि आइतबार दिउँसो १ बजेदेखि भृकुटीमण्डपस्थित बुद्ध विहारमा मतदान हुने जानकारी महासचिव बज्राचार्यले दिनुभएको छ।

# विप्लव समूह परित्याग गरी कांग्रेस प्रवेश



काठमाण्डु । नेकपा विप्लव समूहका एक दर्जन नेता नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले उहाँहरूलाई कांग्रेसको सदस्यता दिएर पार्टी प्रवेश गराउनुभएको हो।

नेकपा विप्लव समूहका वैकल्पिक केन्द्रीय सदस्य एवं बैतडी इन्चार्ज रमेश परियार, जनमुक्ति पार्टीका केन्द्रीय उपाध्यक्ष रवीन्द्र सुनार, अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) कञ्चनपुरकी अध्यक्ष कल्पना परियार, नेकपा काठमाण्डु-कञ्चनपुर सम्पर्क मञ्चका अध्यक्ष दिपेश नागरी र मञ्चका सचिव राधव परियारलगायत कांग्रेसका प्रवेश गरेका हुन्। कांग्रेस केन्द्रीय सदस्य रमेश लेखकको पहलमा उहाँहरू कांग्रेस प्रवेश गर्नुभएको हो।रासस

# 'अर्थतन्त्र सही दिशामा'

***सेजनका पूर्वअध्यक्षद्वय गोपाल तिवारी र गोकर्ण अवस्थी तथा निवर्तमान अध्यक्ष भिमप्रसाद गौतमले अर्थतन्त्रलाई सही दिशाबोध गराउन आर्थिक पत्रकारले सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।***

काठमाण्डु । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले मुलुकको अर्थतन्त्र माथि उकास्न उत्पादनमूलक र सेवा क्षेत्रमा लगानी बढोत्तरी गरिनुपर्ने बताउनुभएको छ। नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २४ औं वार्षिक साधारणसभामा उहाँले सरकार अर्थतन्त्रलाई उकास्नेगरी आधारभूत पूर्वाधार र ठूला आयोजना निर्माणमा केन्द्रित भएकाले अबका दिनमा अर्थतन्त्र सकारात्मक दिशामा अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

गत वर्षको हाम्रो कामसँग म 'ह्याप्पी' छु। राष्ट्र बैंकले सही निर्णय र नीति लिएकाले अर्थतन्त्र सही दिशामा अघि बढेको छ', उपाध्यक्ष पौडेलले भन्नुभयो। उहाँले नेपालमा लाइसेन्स दिँदा घुस लिने प्रचलन बढेको भन्दै लाइसेन्स राजको अन्त्य गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो,'नेपालमा लाइसेन्स दिँदा विभिन्न खाले हल्ला हुने गरेको छ। हरेक क्षेत्रमा सिण्डिकेट छ। अनेक खालको एकाधिकर मौलाएको छ, त्यसैले लाइसेन्सराजको अन्त्य हुनुपर्छ।' उपाध्यक्ष पौडेलले नेपालमा पनि विस्तारै मानिसले पैसा बचत गर्ने प्रचलन सुरु भएको र त्यसले अर्थतन्त्र सुधारको बाटोमा जाने विश्वास व्यक्त गर्नुभयो। पहिला नयाँ घर, घडेरी र सवारी साधनमा खर्चिने पैसा अहिले बचत गर्ने प्रवृत्ति बढेको उहाँको भनाइ छ।

उपाध्यक्ष डा पौडेलले अबको ५ वर्षमा केही सडक आयोजना निर्माण पूरा हुने र त्यसले पनि अर्थतन्त्र सुधारमा सहयोग पुग्ने बताउनुभयो। कृषि, पर्यटनलगायत क्षेत्रमा लगानी बढाउन सक्ने हो भने दीर्घकालीन रुपमा अर्थतन्त्रमा स्थायित्व हुने उहाँको धारणा छ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले मुलुकको अर्थतन्त्र सही दिशामा अघि बढिरहेको बताउनुभयो। श्रम बजार खुल्दै गएको, रेमिटन्स बढेको तथा विदेशी पर्यटक आगामनमा पनि सुधार देखिएकाले अहिले चिन्तित हुने अवस्था नरहेको उहाँले बताउनुभयो।

गभर्नर अधिकारीले विश्वव्यापी मूल्यवृद्धिका कारण नेपालमा पनि असर परेको बताउनुभयो। मङ्सिर यता सरकारले विभिन्न वस्तुको आयातमा एलसी खोल्नमा कडाइ गर्ने नीतिले बाह्य क्षेत्रमा सहज भएको उहाँले उल्लेख गर्नुभयो। 'तरलताको कुरा बारम्बार आउने गरेको र यो कहिले हट्ला भनेर व्यवसायीहरूले बारम्बार सोध्ने गर्नुभएको छ।

लिक्विडिटीको 'क्रक्स' सबैलाई थाहा छ। भुक्तानी सन्तुलन घाटा गएको र बाह्य क्षेत्रमा समस्या आएका कारणले बजारबाट तरलता अन्तै गयो, तर, आन्तरिक रुपमा पैसा हामीसँगै छ। यहाँका बैंक तथा ऋण जसले लिएको उहाँहरूसँगै पैसा छ। तरलताको समस्या समधान गर्न भुक्तानी सन्तुलनको अवस्थामा सुधार आउनैपर्छ यो करेक्सन नभइकन तरलता सहज हुँदैन।'

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको अर्थतन्त्र सकारात्मक दिशामा रहेको र बजारमा हल्ला भएजस्तो नेपाल कुनै पनि हालतमा श्रीलङ्काको अवस्थामा जान नसक्ने भन्दै केन्द्रीय बैंकले सजकता अपनाउन जरुरी रहेको औँल्याउनुभयो। सेजनका पूर्वअध्यक्षद्वय गोपाल तिवारी र गोकर्ण अवस्थी तथा निवर्तमान अध्यक्ष भिमप्रसाद गौतमले अर्थतन्त्रलाई सही दिशाबोध गराउन आर्थिक पत्रकारले सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। रासस

# हङ्गेरीका प्रधानमन्त्री भिक्टर गोर्बाचेभको अन्त्येष्टिमा भाग लिदै

**एएनआइ**

मस्का। हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले दिवङ्गत सोभियत नेता मिखाइल गोर्बाचेभको विदाइ समारोहमा भाग लिन मस्को जाँदै हुनुहुन्छ।

उहाँको रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटघाट गर्ने कुनै योजना नभएको क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले शनिबार स्पुतनिकलाई बताएका छन्। "उहाँ गोर्भाचेभलाई अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न मात्र उडान गर्दै हुनुहुन्छ। अरु कुनै औपचारिक बैठक भने तय नभएको," पेस्कोभले बताएका छन्। राष्ट्रपति पुटिनले विहीबार दिवङ्गत सोभियत नेताप्रति अन्तिम विदाइ गर्नु भएको थियो। कार्य व्यस्तताका कारण उहाँ विदाइ कार्यक्रममा सहभागी नहुने बताइएको छ।

नेता गोर्बाचेभको मङ्गलबार ९१ वर्षको उमेरमा निधन भएको थियो। उहाँको शनिबार सार्वजनिक श्रद्धाञ्जलि कार्यक्रमपछि मस्कोको नोभोडेभिची समाधिस्थलमा अन्त्येष्टि गरिने छ।

# चिनियाँ विदेशमन्त्रीद्वारा चीन-रुस सम्बन्धको प्रशंसा

**सिन्ह्वा**

बेइजिङ । चिनियाँ राज्य परिषद्का सदस्य तथा विदेशमन्त्री



वाङ यीले शुक्रबार चीनका लागि निवर्तमान रुसी राजदूत आन्द्रे डेनिसोभसँग भेटवार्ता गर्नुभएको छ।

राजदूत डेनिसोभस आफ्नो कार्यावधि सकेर स्वदेश फिर्ता हुँदै हुनुहुन्छ। सो अवसरमा मन्त्री वाङले चीन-रुस सहयोग प्रवर्द्धन र दुई राष्ट्रबीचको मित्रता र पारस्परिक विश्वासको अभिवृद्धिमा राजदूत डेनिसोभको कार्य उल्लेखनीय रहेको भन्दै उच्च प्रशंसा गर्नु भएको छ। सो अवसरमा उहाँले द्विपक्षीय सम्बन्धको विकासमा उहाँको निरन्तर योगदानको अपेक्षा गरिएको बताउनुभएको छ।

डेनिसोभले चीनमा आफ्नो कार्यावधिको क्रममा चीनले सबै पक्षमा हाँसिल गरेको अतुलनीय उपलब्धि देखेको र भविष्यमा पनि चीनले अझ ठूलो उपलब्धि हाँसिल गर्ने विश्वास समेत लिएको बताउँनु भएको छ।

# केन्यासामु २३१ रनको लक्ष्य

काठमाण्डु । दोस्रो एकदिवसीय क्रिकेटमा नेपालले केन्यासामु दुई सय ३१ रनको लक्ष्य प्रस्तुत गरेको छ। केन्याको नैरोवीस्थित जिमखाना मैदानमा टस जितेर पहिला ब्याटिङ गर्दै नेपालले ४९ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर दुई सय ३० रन बनाएको हो।



नेपालका लागि लागि कप्तान रोहितकुमार पौडेलले ७८ रनको अर्द्धशतकीय पारी खेले। उनले ९५ बल खेल्दै सात चौका हाने। यस्तै देव खनालले ३७, सोमपाल कामीले २६, ज्ञानेन्द्र मल्ले २५, वसिर अहमदले १७, आदिल अन्सारीले १४ र करण केसीले ११ रनको योगदान दिए।

बलिङतर्फ केन्याका लागि नेहमिह ओढियाम्बो, शेम एन्गोचे र विराज पटेलले दुई दुई विकेट लिए। अहिले केन्याले जवाफी ब्याटिङ गरिरहेको छ।

यसअघि नेपालले केन्यासित शुक्रबार पहिलो एकदिवसीय खेल खेलेको थियो। उक्त खेलमा नेपाल सात विकेटले विजयी भएको थियो।

सन्दीप लामिछाने क्यारेवियन प्रिमियर लिग (सीपीएल) खेल्न वेष्ट इन्डिज गएपछि नेपाली टोलीको कप्तानी रोहितकुमार पौडेलले गरिरहेका छन्।रासस

# इरानद्वारा अमेरिकी नौसेनाको जहाज कब्जा गर्ने प्रयास



**एएनआई**

वाशिङ्गटन। इरानी युद्धपोतले अमेरिकी नौसेनाको जहाजहरू कब्जा गर्ने प्रयास गरेको अमेरिकी नौसेनाले जनाएको छ। यो पछिल्लो प्रयास एक हप्ताको अवधिमा भएको दोस्रो घटना भएको ५ औं फ्लीटका प्रवक्ता टिम हकिन्सले शुक्रबार स्पुतनिकलाई बताएका छन्।

शनिबार अमेरिकी केन्द्रीय कमाण्ड नौसेना बलले सो घटनाको विवरण बारे विज्ञप्ति जारी गर्दै यस किसिमको प्रयास बारे आफूहरू सचेत रहेको जनाएको छ।

अमेरिकी नौसेनाले एक इरानी युद्धपोतलाई सेप्टेम्बर १ मा अरबी खाडीमा रोकेको थियो त्यसको बदलामा दुई दिनपछि लाल सागरमा अमेरिकी ५ औं फ्लीटद्वारा सञ्चालित दुईवटा मानवरहित सतही जहाजहरू कब्जा गरेको अमेरिकी केन्द्रीय कमाण्ड नौसेना बलले जनाएको छ।

इस्लामिक गणतन्त्र इरानको नौसेनाको जहाजले अर्को दिन अमेरिकी नौसेनालाई जहाजहरू फिर्ता गर्नु अघि अन्तरराष्ट्रिय जलक्षेत्रमा सञ्चालित दुई अमेरिकी सेलड्रोन एक्सप्लोरर जहाजहरू कब्जामा लिएको छ विज्ञप्तिमा उल्लेख गरिएको छ।

ती जहाजहरू निशस्त्र थिए जसले वरपरको वातावरणको तस्बिरहरू खिचिरहेका थिए।

त्यसमा कुनै जोखिम नरहेको र बिना कुनै घटना लगातार २०० दिनसम्म लाल सागरमा सञ्चालन भएको विज्ञप्तिमा उल्लेख छ। अमेरिकी नौसेनाले मङ्गलबार इरानको रिभोलुसनरी गार्ड कोर्प्स नेवी जहाजलाई पर्शियन खाडीम कब्जा गर्नबाट रोकेको पनि जनाएको छ।

# अमेरिका ताइवानलाई १.१ अर्ब अमेरिकी डलरको हतियार बिक्री गर्दै

**एएनआई**

वासिङ्टन । संयुक्त राज्य अमेरिकाले शुक्रबार ताइवानलाई हारपुन र साइडविन्डर क्षेप्यास्त्रसहित लगभग १.१ अर्ब बराबरको सैन्य उपकरण बिक्री गर्ने घोषणा गरेको छ। डिफेन्स सेक्युरिटी कोअपरेसन एजेन्सीले वाशिङ्गटनले ताइवानलाई सैन्य उपकरण बेच्न स्वीकृति दिएको पुष्टि गरेको छ।



अमेरिकी विदेश मन्त्रालयले ताइवानको सुरक्षा क्षमताको आधुनिकीकरण गर्न र अमेरिकी सुरक्षा हित प्रबर्धन गर्न ताइवानलाई हारपुन ब्लक मिसाइल र अन्य सैन्य उपकरणको बिक्री स्वीकृत गरेको बताएको छ। मन्त्रालयका अनुसार प्रस्तावित हातहतियारले यस क्षेत्रमा आधार भूत सैन्य सन्तुलनलाई परिवर्तन नगर्ने पनि अमेरिकाले दाबी गरेको छ। अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवानको विवादास्पद भ्रमणलाई लिएर वाशिङ्गटन र बेइजिङबीच बढ्दो तनावका बीच सैन्य सामग्रीको प्रस्तावित बिक्री सार्वजनिक भएको छ।

हार्पुनहरू बोइङले तटीय-जल क्षमताका साथ उत्पादन गरेको एन्टी-शिप होमिङ मिसाइलहरू हुन्। यस अघि संयुक्त राज्य अमेरिकामा ताइपेई आर्थिक र सांस्कृतिक प्रतिनिधि कार्यालय (टेक्रो)ले ६० वटा मिसाइल र सम्बन्धित उपकरणहरू किन्न अनुरोध गरेको थियो।

साइडवाइन्डरहरू हावाबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्रहरू हुन् जुन रेथियनले प्रक्षेपणपछि लक्ष्यहरूमा लक गर्न सक्ने क्षमताको साथ विकसित गरेको दाबी गरिएको छ। टेक्रोले १०० वटा मिसाइल र अन्य उपकरण खरिद गर्न अनुरोध गरेको थियो।

वाशिङ्गटनमा चिनियाँ दूतावासले यस हप्ताको शुरुमा प्रस्तावित हतियार बिक्री बारे प्रतिक्रिया दिँदै बाइडेन प्रशासनलाई हतियार बिक्री बन्द गर्न आह्वान गरेको थियो।

हतियार बिक्रीले ताइवान स्ट्रेटमा तनाव निम्त्याउन सक्ने भन्दै चीनले सो आग्रह गरेको थियो। ताइवानी सेनाले बिहीबार एक अज्ञात नागरिक ड्रोनलाई गोली हानेको जनाएको छ। सो ड्रोन चिनियाँ तटबाट शियु टापुको प्रतिबन्धित जलक्षेत्रको आकाशमा प्रवेश गरेको थियो।

ताइवानको रक्षा मन्त्रालयले विज्ञप्ति जारी गर्दै सेनाको जिनमेन रक्षा कमाण्डले आज दिउँसो १२:३० बजेतिर शियु टापुको प्रतिबन्धित पानीको हवाइ क्षेत्रमा एक अज्ञात नागरिक हवाई क्यामेरा प्रवेश गरेको फेला पारेको बताएको छ। विज्ञप्तिमा भनिएको छ, 'रक्षा क्षेत्रको सुरक्षा कायम गर्न रक्षा मन्त्रालयले खोजी, अनुगमन र निगरानीलाई निरन्तरता दिनेछ।'

यस्तै मङ्गलबार पनि ताइवानी सेनाले चिनियाँ सैन्य ड्रोनलाई ताइवान नियन्त्रित टापुमा "प्रतिबन्धित" वायुक्षेत्रमा प्रवेश गरेपछि गोली हानेको थियो। अगस्टको मध्यदेखि ताइवानमा जारी राजनीतिक र सुरक्षा तनावका बीच यस वरपर यस्ता थुप्रै ड्रोनहरू उड्ने गरेको पाइएको छ।

# चट्याङ लागेर सत्रको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको पूर्वीराज्य विहारमा चट्याङ लागेर सत्र जनाको मृत्यु भएको छ।



सरकारी प्रसारण संस्था अल इण्डिया रेडियोका अनुसार बितेका २४ घण्टामा राज्यका छ वटा जिल्लामा मेघगर्जन र चट्याङसहित भारी वर्षा भएको तथा खेतमा काम गरिरहेका किसानको चट्याङ लागेर मृत्यु भएको हो।

राज्यको गया जिल्लामा तीन जना बालबालिकासहित पाँच जना तथा भोजपुर, औरङ्गबाद, जेहेनाबाद, कैमुर र रोहतास जिल्लामा १२ जनाले ज्यान गुमाएका अल इण्डिया रेडियोले जनाएको छ। गत जुन र जुलाईमा विहार राज्यमा चट्याङ लागेर ६० जनाको मृत्यु भएको थियो।

प्रत्येक वर्ष वर्षायाममा चट्याङ लागेर सयौंको ज्यान जाने गरेको छ। आगामी पाँच दिनसम्म उत्तरपूर्वी भारत र विहार, झारखण्ड तथा सिक्किमसहित पश्चिमबङ्गालको पहाडी क्षेत्र भीषण वर्षा हुने पूर्वानुमान मौसम विभागले गरेको छ।

यसैबीच, विहारका मुख्यमन्त्री नीतिशकुमारले चट्याङ लागेर ज्यान गुमाएकाहरूका परिवारजनप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई भारू चार लाख राहतस्वरुप उपलब्ध गराइने घोषणा गर्नुभएको छ। उहाँले प्रतिकूल मौसममा सतर्क रहन तथा विपद् व्यवस्थापन विभागले जारी गरेका सुझाव पालना गर्न सर्वसाधारणलाई आग्रह गर्नुभएको छ।

# तालिबानका धर्मगुरूसहित अठार जना मारिए



**एपी**

अफगानिस्तान । पश्चिमी अफगानिस्तानको एक मस्जिदमा शुक्रबार नमाज पढिरहेका बेला भएको बम विष्फोटमा तालिवान नजिकका एक जना प्रमुख धर्मगुरूसहित १८ जनाको मृत्यु भएको छ। विष्फोटनमा परी कम्तीमा २३ जना घाइते भएका छन्। हेरात शहरको गुजरगाह मस्दिमा भएको विष्फोटपछिको भिडियोमा उक्त धार्मिकस्थलको आँगन शवले भरिएको, जमिन रगताम्मे भएको देखिन्छ भने त्यहाँबाट 'भगवान् महान् हुनुहुन्छ' त्रासमा मानिस कराउँदै भागेका देखिन्छन्।

अल्लाहका उपसकहरूले मस्जिद खचाखच भरिएको समयमा त्यहाँ बम विष्फोट भएको थियो। विष्फोटमा मारिएका प्रमुख धर्मगुरू मुजिबउल रहमान अन्सारी पश्चिमा समर्थित सरकारका कट्टर आलोचक थिए। उनलाई तालिवानले प्रमुख धर्मगुरूका रूपमा मानेको थियो। धर्मगुरू अन्सारीको मृत्युको पुष्टि तालिवानका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदले गरेका छन्।

# अमेरिका-मेक्सिको सीमामा आठ आप्रवासीको डुबेर मृत्यु

**सिन्ह्वा**

ह्युस्टन । मेक्सिको र अमेरिकाको टेक्सास राज्यको सीमा नदी रियो ग्रान्डेबाट बिहीबार आठ आप्रवासीको शव फेला परेको छ। अमेरिकाको भन्सार तथा सीमा सुरक्षा विभागको विज्ञप्तिअनुसार टेक्सासको ईगल पास नजिकै नदीबाट अन्य ३७ जनाको उद्धार गरिएको छ।

युएस बोर्डर पेट्रोल एजेन्टहरूले छवटा शवहरू फेला पारेका थिए भने अरू दुईवटा मेक्सिकन टोलीहरूले फेला पारेको विज्ञप्तिमा जनाइएको छ। यस क्षेत्रमा दिनभर परेको भारी वर्षाका कारण सो नदीको जलप्रवाहमा तीव्रता आएकाले उद्धारमा कठिनाइ थपिएको थियो।

# गोर्बाचेभको अन्तिम बिदाइमा हजारौं सहभागी, पुटिन भने अनुपस्थित

**एपी**

मस्का। शीतयुद्ध अन्त्य गर्न र सोभियत संघको विघटनलाई गति दिन कठोर सुधारको पहल गरेका पूर्व सोभियत नेता मिखाइल गोर्बाचेभलाई श्रद्धाञ्जलि दिन शनिबार हजारौंको सङ्ख्यामा शोकसन्तप्त मानिसहरू लामबद्ध भएका छन्।

क्रेमलिनले राजकीय अन्त्येष्टिको घोषणा गर्न इन्कार गर्नु गोर्बाचेभको 'विरासत'को बारेमा उसको बेचैनीलाई प्रतिबिम्बित गरेको छ। गोर्भाचेभलाई कट्टर साम्यवादी शासनको विकल्पमा उभ्याएकोमा विश्व समुदायको मिश्रित प्रतिक्रिया रहने गरेको छ। कम्युनिष्ट समाजवादी धारले उहाँलाई सोभियत संघ बिघटनको दोषी मान्ने गरेको छ भने अमेरिकालगायगतका उ प्रसंशा गर्ने गरेका छन्। सोभियत संघको पतन र त्यसपछिको आर्थिक मन्दीको लागि सोभियत संघमा धेरैले उहाँको आलोचना गर्नेगरेका छन्। उहाँको कदमले रूसी जनतालाई गरिबीमा डुबाएको बुझाई रूसीहरूको रहेको छ।



गत शुक्रबार पुटिनले मस्कोको एक अस्पतालमा गोर्बाचेभको कफिनमा निजी रुपमा पुष्पगुच्छा अर्पण गर्दै गोर्भाचेभको 'अन्तिम विदाई' गर्नुभएको थियो। क्रेमलिनले राष्ट्रपतिको व्यस्तताले उहाँ अन्त्येष्टि कार्यक्रममा सहभागी हुन नसक्ने बताएको छ।

पुटिन कुन खास काममा व्यस्त रहेको भनी सोधिएको प्रश्नमा क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले शनिबार पत्रकारहरूसँग भन्नुभयो, "राष्ट्रपति पुटिनले शृङ्खलाबद्ध बैठकहरू, अन्तर्राष्ट्रिय फोन कलहरू गर्नेछन् र अर्को हप्ता रूसको सुदूर पूर्वमा एक व्यापार मञ्चको लागि तयारीको कार्यक्रम छ।

९१ वर्षको उमेरमा मंगलबार निधन भएका गोर्बाचेभलाई उहाँकी पत्नी रायसाको छेउमा रहेको मस्कोको नोभोडेभिची चिहानमा अन्त्येष्टि गरिनेछ। उहाँलाई हाउस अफ द युनियन्सको पिलर हलमा बिदाइ समारोहपछि अन्त्येष्टि गरिनेछ।

# बाढीका कारण ५७ जनाको मृत्य

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानमा पछिल्लो २४ घण्टामा मनसुनी वर्षाका कारण आएको बाढीमा परी कम्तीमा ५७ जनाको मृत्यु हुनुका साथै सात हजार ६८३ जना घाइते भएका राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडीएमए) ले जनाएको छ।



एनडीएमएले शनिबार साँझ सार्वजनिक गरेको प्रतिवेदनअनुसार बाढीका कारण देशभर भएका विभिन्न दुर्घटनामा परी कम्तीमा १७ बालबालिका र १८ महिलाको मृत्यु भएको छ।

यो अवधिमा देशको दक्षिणी सिन्ध प्रान्तमा ३८ जनाको मृत्यु हुनुका साथै सात हजार २०४ जना घाइते भएका छन्।

बाढी र डुवानका कारण उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा १७ जनाको मृत्यु भएको छ भने अन्य क्षेत्रमा दुई जनाको मृत्यु भएको छ। बर्षाका कारण पूर्वी पञ्जाब प्रान्तमा ४७१ जना घाइते भएका छन्। त्यस्तै यो अवधिमा तीन लाख २० हजार ६८० घर नष्ट भएका छन् भने तीन हजार ७६६ पशुचौपाया नष्ट भएका छन्।

पाकिस्तानमा यस वर्षको मनसुनी वर्षा र बाढीका कारण गत जुन महिनाको मध्यदेखि अहिलेसम्म मृत्यु हुनेको संख्या एक हजार २६५ पुगेको छ भने १२ हजार ५७७ जना घाइते भएका छन्। एनडीएमएका अनुसार सङ्कट सुरु भएदेखि अहिलेसम्म एक लाख ६९ हजार ६७६ जनाको उद्धार गरिएको छ भने छ लाख २७ हजार ७९३ जना शिविरमा बसिरहेका छन्।

यसबाहेक १४ लाख २७ हजार ३९ घर नष्ट भएका छन् भने सात लाख ३५ हजार पाँच सय ८४ पशुचौपाया मरेका छन्। बाढी प्रभावित क्षेत्रमा एनडीएमए, अन्य सरकारी संस्था, स्वयंसेवक र गैरसरकारी संस्थाहरूद्वारा उद्धार र राहत वितरण कार्यलाई जारी राखिएको छ।

# 'सन् २०२४ को निर्बाचनमा विपक्षीहरु एकजुट हुने'

**एएनआई**

पटना । बिहारका मुख्यमन्त्री नितिश कुमारले सन् २०२४ को लोकसभा चुनावका लागि विपक्षी हरू एकजुट हुने बताउनु भएको छ। मणिपुरबाट जनता दल-युनाइटेड (जेडेयू) का पाँच जना विधायक सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) मा प्रवेश गरेको एक दिनपछि शनिबार यसलाई 'संवैधानिक' हो कि होइन भनी सरकारसँग प्रश्न गर्नुभएको छ।

मुख्यमन्त्री नितिश कुमारले भन्नुभयो, "जब हामी एनडीएबाट अलग भयौं, मणिपुरका हाम्रा सबै छ जना विधायक आए र हामीलाई भेटे। उनीहरूले हामीलाई आश्वासन दिए कि उनीहरू जेडीयूमा छन्। हामीले के भइरहेको छ भनेर सोच्न जरुरी छ। उनीहरूले विधायकहरूलाई पार्टीहरूबाट अलग गरिरहेका छन्, के यो संवैधानिक हो?'

सन् २०२४ को चुनावका लागि विपक्ष एकजुट हुनेछ,' नीतिशकुमारले भन्नुभयो। शुक्रबार जेडेयूका पाँच विधायक भाजपामा विलय भएपछि बिहारका मुख्यमन्त्री नितिश कुमार र उहाँको पार्टीलाई ठूलो झट्का लागेको छ। भाजपाको विधान सभा सचिवालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "मणिपुर विधानसभाका सभामुखले संविधानको दशौं अनुसूची अन्तर्गत जेडेयूका पाँच विधायकलाई भाजपामा विलय गर्न पाउँदा खुसी लागेको छ।

मुख्यमन्त्री नितिश कुमारले भाजपा परित्याग गरी तेजस्वी यादवको राष्ट्रिय जनता दल, काङ्ग्रेस र अन्य पार्टीहरूसँग मिलेर 'महागठबन्धन' गठन गरी बिहारमा शासन गरेको केही हप्तापछि पछिल्लो राजनीतिक घटनाक्रम सार्वजनिक भएको हो। घटनाक्रमबारे जानकारहरू भन्छन् भाजपाले हालै बिहारमा भएको घटनापछि जेडीयूमाथि जवाफी हमला गर्ने निर्णय गरेको छ। सन् २०२० मा भाजपा-जेडेयू गठबन्धनमा चुनाव लडे र नितिश कुमारलाई मुख्यमन्त्रीको पद दिएर सरकार गठन गर्नुभयो।

दुई वर्ष भन्दाकम समयमा नितिश कुमारले आफ्नो छनौटलाई उल्ट्याए र आश्चर्यजनक कदम चालेर बिहारमा 'महागठबन्धन' सरकार गठन गर्न आरजेडी र काँग्रेससँग गठबन्धन गर्नुभएको छ।



कमलामाई नगरपालिका-५ ऐँसेलुजंगारमा जग्गा भाडामा लिएर व्यवसायिक खेती गर्नु भएका सिन्धुलीको तीनपाटन गाउँपालिका-११ स्याङतीका किसान सुरज राना खुर्सानी खेती गोडमेल गर्दै । तस्विर : रासस

# चार महिनापछि ट्रान्फर स्टेशनमा रित्तिँदै फोहर

काठमाण्डु । चार महिनापछि टेकुस्थित ट्रान्फर स्टेशनको फोहर व्यवस्थापनको काम आइतबार बिहानसम्ममा सकिने भएको छ ।

सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीले विगतमा महानगरसँग भएको सम्झौताअनुसार सडक मर्मतको काम समयमा नै सम्पन्न नगरेको, स्थानीयवासीलाई स्वास्थ्य, शिक्षा, रोजगारीको व्यवस्थाजस्ता माग पूरा नगरेको भन्दै कहिले फोहर बोकेको गाडी तोडफोड र कहिले सडक नै अवरोध गरेपछि विगत चार महिनादेखि काठमाडौँ उपत्यकाको फोहर टेकुमा अल्पकालीन व्यवस्थापन गरिएको थियो ।

यसरी लामो समयसम्म फोहरको अन्तिम व्यवस्थापनको काम हुन नसक्दा ट्रान्फर स्टेशनमा मात्र होइन, काठमाडौँ उपत्यकाका अन्य सडक किनारामा पनि जताततै फोहर नै फोहर थियो । उपत्यकाको फोहर व्यवस्थापनका सम्बन्धमा यही भदौ पहिलो साता काठमाडौँ, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीबीच भएको चार बुँदे सहमतिपछि भदौ पहिलो सातादेखि फोहर व्यवस्थापन

**यसअघि सडकमा थुपारिएको फोहर व्यवस्थापनको काम सकिएको छ भने आइतरबादेखि ट्रान्फर स्टेशनमा चार महिनादेखि थुपारिएको फोहर पनि पूर्णरूपमा व्यवस्थापनको काम सकिने कामपाको प्रमुख बालेन्द्र साहको सचिवालय सदस्य सुनिल लम्सालले जानकारी दिनुभयो ।**

कार्य हुन थालेको हो । सहमतिपछि यसअघि सडकमा थुपारिएको फोहर व्यवस्थापनको काम सकिएको छ भने आइतरबादेखि ट्रान्फर स्टेशनमा चार महिनादेखि थुपारिएको फोहर पनि पूर्णरूपमा व्यवस्थापनको काम सकिने कामपाको प्रमुख बालेन्द्र साहको सचिवालय सदस्य सुनिल लम्सालले जानकारी दिनुभयो ।

गत वैशाख १२ गतेदेखि टेकुमा थुपारिएको फोहरको व्यवस्थापन हुनसकेको थिएन । स्थानीयवासीको अवरोधकै बीच विगत चार महिनाको अवधिमा बढीमा १५ दिन फोहरको व्यवस्थापन भए पनि अन्य दिन एक गाडी पनि फोहरको व्यवस्थापन हुन नसकेको कामपाको भनाइ छ । उक्त स्थानमा राखिएको फोहर व्यवस्थापनको काम सकेसँगै अब नागरिकको घरबाट निस्किएको फोहर सिधैँ बञ्चरेडाँडा लगिने लम्सालले जानकारी दिनुभयो । रासस

# घर फर्किएर 'बाख्रापालन'

तानसेन (पाल्पा) । तानसेन नगरपालिका-१२बौघापोखराथोकका ३८ वर्षीय मुरारी पौडेलको खोरमा २० वटा बाख्रा छन् । लामो समय विदेश बसेर फर्किनुभएका उहाँले रु १५ लाखको लगानीमा बाख्राका लागि आधुनिक खोर निर्माण गर्नुभएको छ । तीन वर्ष मलेसिया र आठ वर्ष दुबई बसेर फर्किनुभएका पौडेल अब विदेश नजाने सोचमा हुनुहुन्छ ।

"आफ्नै ठाउँमा केही उद्यम गर्छु भन्ने सोच बनाई बाख्रापालन गर्न थालेको हुँ", उहाँले भन्नुभयो, "अहिले गाउँघरमै बसेर काम गर्दा सन्तुष्ट छु ।" तानसेनमा पौडेलजस्ता गाउँका १५ युवा उद्यमी समूहमार्फत बाख्रापालन गर्दै आएका छन् । दश जना त विदेशबाटै फर्केका युवा समूहमा आबद्ध रहेकामा पाँच जना कोरोनापछि मात्र स्वदेश फर्केका हुन् ।

"आफ्नै ठाउँमा फर्केर बाख्रापालन गरी उद्यमशील बन्न पाउँदा हामी सबै उत्साही छौँ", उहाँले भन्नुभयो । बाख्रापालनका लागि लुहुङ राम्रो सम्भावना बोकेको क्षेत्र हो तर यहाँ डालेघाँस, भुइँघाँस उत्पादनका लागि आवश्यक बीउ र प्राविधिक ज्ञानको अझै समस्या छ ।

पौडेलले वार्षिक दुई लाखभन्दा बढीको बाख्रा बिक्री गर्दै आउनुभएको छ । कतारमा दैनिक १२ घण्टा काम गर्दा ३० हजार बचाउन मुस्किल परेको बताउनुहुने पौडेलले घरमै बाख्रापालन गरेर घर खर्चसमेत धान्न सहज भएको सुनाउनुभयो । "परिवारसँगै छु, दुःख र बिमार पर्दा साथ दिएको छु, विदेशभन्दा स्वदेश नै प्यारो लागेको छ", उहाँले भन्नुभयो ।

तानसेनमा वैदेशिक रोजगारीबाट फर्किएर कृषि र पशुपालन गर्नेहरू चार सयभन्दा बढी छन् । कोरोना सङ्क्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई नगरपालिकाले अनुदान र प्रोत्साहन दिएपछि यहाँ वैदेशिक रोजगारीबाट फर्किएर कृषि गर्नेहरूको सङ्ख्या वढ्दो छ । वडा नं ५, अर्चलेकी ३४ वर्षीया कविता रावल दुबईमा दुई वर्ष काम गरेर घर फर्किनुभएको हो ।

"दश वर्षदेखि विदेशमा बस्ने श्रीमान्लाई यही बोलाएर कृषि तथा पशुपालन गर्ने सोँच बनेको छ", उहाँले भन्नुभयो, "दशैँमा आउनुहुन्छ, दुवै मिलेर काम गर्ने योजना बुनेको छु ।" विदेशमा भन्दा यही सफलता मिलेको रावलले बताउनुभयो । यहाँ विदेशमा जति मेहेनत गर्नुपर्दैन, आम्दानी पनि राम्रो हुन्छ ।" कोरोना सङ्क्रमणका कारण रोजगारी गुमाएपछि स्वदेश फर्किनुभएकी रावल बाख्रा, भैँसी र कुखुरापालनका साथै घाँसखेती गरेर वार्षिक रु दुई लाख आम्दानी गर्नुहुन्छ ।

*नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले भन्नुभयो, "तीनवटा बैंकसँग कृषकलाई जोडेका छौँ, थप रकमका लागि सुलभ कर्जा कार्यक्रम सञ्चालन गरेका छौँ ।" यहाँ विभिन्न बैंकहरूबाट रु छ करोड वढीको सुलभ कर्जा कार्यक्रम सञ्चालन भएको छ । व्यावसायिक कृषकले २४ किस्तामा ऋण फिर्ता गरिसकेका छन् ।*

यहाँ कृषि गर्नेहरू समूहमा आवद्ध भएका छन्, उनीहरूको समूहमा २२ महिला छन् । समूहका १८ जनाले व्यावसायिक कृषि र पशुपालन गर्दै आएका छन् । जग्गा भाडामा लिएर सामूहिक अदुवा, खुर्सानी र घाँसखेतीसमेत गर्दै आएका छन् । उनीहरूले मासिक बैठक बसेर छलफल गर्नाका साथै व्यावसायिक योजना बनाउने गर्छन् ।

शिक्षा, स्वास्थ्य र पर्यटनको गन्तव्यको परिचय बनाएको पाल्पा जिल्लाको सदरमुकामको रूपमा रहेको उक्त नगरपालिकाले कृषि र पशुपालनको परिचय पनि थप गरेको छ । सङ्घीय संरचनापछि अधिकांश ग्रामीण वडाहरू मिलेर बनेको तानसेनमा, कोरोना सङ्क्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई व्यावसायिक काममा सम्लग्न गराएको थियो । यहाँका छ सय युवाहरू वैदेशिक रोजगारीबाट फर्किएका छन् । उनीहरूलाई घरमै स्वरोजगार बनाउन नगरपालिकाले युवा कृषि र पशुपालन कार्यक्रम बनाएको थियो, जसअन्तर्गत चार सय युवा जोडिएका छन् । उनीहरूलाई रु १० हजारदेखि ४० हजारसम्म व्यावसायिक अनुदान नगरपालिकाले दिएको छ ।

"हाम्रो सानो अनुदानमा युवाहरूले ठूलो लगानी गरी व्यवसाय सञ्चालन गरेका छन् ।" नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले भन्नुभयो, "तीनवटा बैंकसँग कृषकलाई जोडेका छौँ, थप रकमका लागि सुलभ कर्जा कार्यक्रम सञ्चालन गरेका छौँ ।" यहाँ विभिन्न बैंकहरूबाट रु छ करोड वढीको सुलभ कर्जा कार्यक्रम सञ्चालन भएको छ । व्यावसायिक कृषकले २४ किस्तामा ऋण फिर्ता गरिसकेका छन् ।

तानसेन कृषि तथा पशु उद्यमशीलता विकास परियोजनामा आवद्ध दुई हजार एक सय ४१ उद्यमीमध्ये चार सय ७२ विदेशबाट फर्केका छन् । उनीहरू दुबई, कतार, मलेसिया र भारतबाट फर्केका युवा हुन् । विदेशबाट फर्केर उद्यमशील बनेका युवा २५ देखि ५० वर्ष उमेर समूहका छन् ।रासस

# सजिलो सेवाले ल्यायो नयाँ 'सजिलो सेवा एप'

काठमाण्डु । सजिलो सेवा टिमले नयाँ 'सजिलो सेवा एप' ल्याएको छ । कम्पनीले स्थापनाको पाँच वर्ष मनाएको केही समयमै प्रविधिमैत्री नवीनतालाई जारी राख्दै आइओएस एन्ड्रोइडलाई हुने गरी नयाँ सजिलो सेवा एप लिएर आएको छ ।



कम्पनीले अब यस एपमार्फत आफ्नो सेवाको दायरालाई अझ फराकिलो बनाउँदै होम रिपेयर, होम सैलुन, इभेन्ट म्यानेजमेन्ट, मेडिकल टेस्ट एट होम, गार्डेनिङ, ड्राइभर, क्लिनिङ तथा पेस्ट कन्ट्रोल लगायत ५० भन्दा बढी सेवाहरू प्रदान गर्ने बताएको छ ।

यस एपमा सहजै सेवा बुकिङ गर्न सकिने, सेवाहरूको मूल्य पारदर्शी रूपले एपमा देख्न सकिने, सेवा बुकिङ गर्नु अगावै आफूलाई चाहिएको सेवाको इस्टिमेट सहजै तुरुन्त प्राप्त गर्न सकिने, आफ्नो अर्डरको स्थिति लाइभ अपडेट लिन मिल्ने, ३० दिनको सर्भिस वारेन्टी लगायतका विशेषता रहेका छन् ।

कम्पनीले भदौ १७ गतेदेखि कात्तिक ७ गतेसम्म ग्राहकहरूका लागि अफर पनि ल्याएको छ । यस अफर अन्तर्गत एप डाउनलोड तथा साइन अप गरेका एक जना भाग्यशाली विजेताले आइफोन जित्न सक्नेछन् ।

त्यस्तै प्रोमोकोड र सजिलो एप प्रयोग गरेर पअिलो अर्डरमा ५० प्रतिशत छुटका साथै एनआइसी एशिया कार्ड, क्युआर, ई-सेवा र खल्तीबाट भुक्तानी गर्दा ३०० रुपैयाँसम्म क्यासव्याक पाउने कम्पनीले बताएको छ । ग्राहकहररूको लागि मात्र नभई कम्पनीले सेवा प्रदायकहरुका लागि पनि 'सजिलो एक्सपर्ट' एप ल्याएको छ ।

जसले गर्दा सेवा प्रदायकहरुले छिटो र गुणस्तरीय सेवा प्रदान गर्न सक्ने बताइएको छ । 'सजिलो एक्सपर्ट' एप मार्फत कम्पनीले दक्ष जनशक्ति पहिचान गरी उनीहरूलाई प्रयाप्त रोजगारीको अवसर सृजना गर्ने लक्ष्य कम्पनीले लिएको छ । सजिलो सेवा टिमको लक्ष्य नेपाली बजारमा दक्ष जनशक्तिको विकास गर्ने पनि रहेकोले सजिलो सेवाले आफ्नो क्षमता बढाउन चाहानेहरूका लागि छिटै आफ्नो ट्रेनिङ सेन्टर स्थापना गर्नेछ।

जसले गर्दा स्वदेशमै पर्याप्त दक्ष जनशक्ति उत्पादन गरेर सो जनशक्तिलाई स्वदेशमै पर्याप्त आम्दानी गर्ने अवसर प्रदान गरेर वैदेशिक रोजगारीको बाध्यताबाट मुक्त गर्ने लक्ष्य कम्पनीको छ । सजिलो सेवाले आगामी पाँच वर्षभित्र पाँच हजारभन्दा बढी जनशक्तिलाई रोजगारीको अवसर प्रदान बताएको छ।

## छाला व्यवसाय गरेर गाउँमै रोजगारी

चौतारा । गाउँमै व्यवसाय गरेर आर्थिकरूपमा सक्षम बन्न सकिन्छ भन्ने उदाहरण बन्नुभएको छ मेलम्ची नगरपालिका-५ सिन्धुकोटका दीपक बोगटी । विसं २०७० मा रोजगारी खोज्दै मलेसिया जानुभएका उहाँ अहिले गाउँ फर्केर स्वरोजगार बन्दै अन्यलाई पनि रोजगारी दिइरहनुभएको छ ।

बोगटीले छाला व्यवसाय सुरु गरेको दुई वर्ष भयो । विदेशमा सोचेभन्दा कम आम्दानी भएपछि नेपाल फर्किएर व्यवसाय गरेको बताउनुहुने उहाँको छाला व्यवसायमा पाँच जनाले रोजगारी पाएका छन् । बोगटी मात्रै होइन सिन्धुकोटका ९० घरले उक्त व्यवसाय गरिरहेका छन् । नब्बे घरको उद्योग व्यवसायको अध्यक्षसमेत बोगटी नै हुनुहुन्छ । बाउबाजेले परम्परागतरूपमा गर्दै आएको व्यवसाय अहिले आधुनिकीकरण गदै नयाँ उपकरणद्वारा सञ्चालन गर्दा झनै राम्रो उत्पादन हुने गरेको अर्का व्यवसायी बालकुमार बस्यालले बताउनुभयो ।

उहाँका अनुसार पहिला-पहिला बाजेहरूले हातले बनाउने गर्नुहुन्थ्यो भने अहिले आधुनिक उपकरणद्वारा सामग्री उत्पादन गरिन्छ । अहिले सिन्धुकोटमा चारवटा उद्योग सञ्चालनमा आएका छन् । छाला ब्याग उद्योगमा छालाबाट बन्ने विभिन्न सामग्री उत्पादन हुने गरेका छन् ।

परम्परागतरूपमा गर्दै आएको छालाको सामान बनाउने पेशालाई आधुनिक उपकरणद्वारा ब्याग, स्कुलब्याग, ल्यापटप ब्याग, पर्स, बेल्टलगायत सामग्री बनाउन थालेपछि युवाहरूले गाउँमै बसेर मनग्य आम्दानी गरेका छन् । रासस


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

## हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको ७ (सात) दिने सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७९।०५।१९**

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको बजारको बट्टी रकमको निमित्त सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रही मिति २०७९।०५।२७ गते दिनको १२:०० बजे भित्र कवुल अंकको ५५ (पाँच प्रतिशत) रकम सबैला नगरपालिका स्थित एनआईसी एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु.१०/- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगर कार्यपालिकाको कार्यालय, सबैलामा दर्ता गराउनु होला र सो सिलबन्दी दरभाउपत्रहरु सोहि दिन अर्थात मिति २०७९।०५।२७ गते दिनको २:०० बजे खोलिने छ । दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ । उपस्थित नरहे पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजूरी नलाग्ने व्यहोरा समेत सर्वसाधारणलाई जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात्र) दिन २०७९।०५।२६ गते भित्र रु. १,०००/- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयवाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलीपी वा सक्कलै अनिवार्य रुपले दिनु पर्नेछ ।
२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पूर्जी लिएको मितिले लगभग वर्ष १ (एक) को हुनेछ ।
३. तल उल्लेखित बजारको निम्न बमोजिमको न्यूनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ । नगरपालिकाको कवोल अंकभन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ ।

| आय ठेक्का नं. | बजारको नाम | बजार रहेको स्थान | १ (एक) वर्षको न्यूनतममोल | ठेक्काको किसिम |
|---|---|---|---|---|
| १/०७९।०८० | सबैलागुदरी हाटबजार | सबैला-३, सबैला | १७,००,०००/- | बजार ठेक्का |
| २/०७९।०८० | सबैलाबाख्राहाटबजार | सबैला-३, सबैला | ११,०५,०००/- | बजार ठेक्का |
| ३/०७९।०८० | भठिहनगुदरी हाटबजार | सबैला-९, सबैला | ११,५०,०००/- | बजार ठेक्का |
| ४/०७९।०८० | सतोषर मवेशीतथागुदरी हाटबजार | सबैला-९, सबैला | २,५५,०००/- | बजार ठेक्का |
| ५/०७९।०८० | खरिहानीगुदरी हाटबजार | सबैला-१०, सबैला | १०,०५,०००/- | बजार ठेक्का |

४. सबैला नगर कार्यपालिकाको कार्यालयवाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।
५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।
६. न.पा.को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्महरुले न.पा.को रकम कलम चुक्ता नगरेसम्म निजलाई दरभाउपत्र फारम दिईने छैन् ।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्वन्धित ठेकेदारले पूर्णरुपले पालन गर्नु पर्नेछ ।
८. नेपाल सरकारलाई तिर्नुपर्ने कर ठेकेदार स्वयंले नै तिर्नुपर्नेछ ।
९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खालिने छ ।
१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिन्हा दिइनेछ ।
११. बट्टी रकम यस कार्यालयबाट तोकिएको दररेटमा लिनुपर्नेछ । साथै सो को रसिद दिनु पर्नेछ ।
१२. बजार क्षेत्र भित्र विक्री गर्ने माछा, मासु, अण्डा आदिबाट निस्केको आन्द्रा, भुडी, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्नेछ र सो काम नगरे सो बाट कुनै किसिमको महामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ ।
१३. नगरपालिकाले कुनै पनि अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन् ।
१४. किस्ताको हकमा छौमासिक किस्ता हुनेछ । ठेक्का अवधि भित्र प्रत्येक वर्ष पहिलो किस्ता भदौ महिना र दोश्रो किस्ता फाल्गुन महिना भित्र बुझाउनु पर्नेछ । नबुझाएको खण्डमा ठेक्का बदर गरी अर्को व्यवस्था भै जानेछ ।
१५. ठेक्का लिने व्यक्तिले चलन पूर्जी उठाउने अगावै ठेक्का लिएको रकम वरावरको रकम र ठेक्का मान्य अवधिसम्मको बैंक ग्यारेन्टी वा परफरमेन्स बण्ड वा धनजमानी राख्नु पर्नेछ ।
१६. ठेक्का सदर भएको ७ (सात) दिन भित्र छौमासिक किस्ता बुझाई सके पछि चलनपूर्जी दिईनेछ । सो म्यादभित्र चलनपूर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ ।
१७. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन् ।
१८. ठेक्का सदर गर्ने वानगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।
१९. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।
२०. यस सम्बन्धी अन्य कुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# अस्पतालमा सरसफाइ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौरमा रहेको प्रादेशिक अस्पतालमा गौरका युवाहरुको समूहले शनिवार सरसफाइ गरेका छन् । प्रादेशिक अस्पताल गौरमा सफाइकर्मी हुँदा हुँदै भएको फोहरको डम्पिंगलाई स्वतन्त्र युवाहरुको समूहले सरसफाइ गरेका छन् ।



मनुष्य चेतनशील प्राणी भए पनि सदर अस्पतालको छेउमा गरिएको फोहारको व्यवस्थापनलाई युवाहरुले सरसफाइ गरेर उदाहरणीय कार्य गरेका छन् । प्रादेशिक अस्पताल गौर सेवा प्रवाहमा अवल हुनु पर्नेमा सो नभइ जिल्लाको रेफरल अस्पतालको रुपमा परिणत भएको देखिदा युवाहरु दुखित भइ सो अभियान संचालन गरेका हुन् ।

अस्पताल सम्बेदनशील सस्था भएको र सरसफाइ हुनु पर्नेमा त्यो नभएको कारण युवाहरुले सार्वजनिक संस्थामा सरसफाइ हुनुपर्ने सन्देश दिने मुख्य उद्देश्यले युवाहरुको समूहले सर सफाई गरेको युवा नेता ललन यादवले जनाए । गौर अस्पतालमा स्वीपर भए पनि सरसफाइ नहुँदा बिरामीहरुको कुरुवा हरुलाई विषालु सर्पले समेत टोकेको घटना घटेको थियो । सरसफाइ नभएका कारण आकस्मिक कक्षमा विषालु सर्पको विगबिगी बढेको थियो ।

अस्पताल सरसफाइ हुनु पर्नेमा त्यहाँ फोहर भण्डारण जथाभावी गर्नाले वातावरण दुर्गन्धित बनेको थियो । युवाहरु गएको साता वृक्षरोपण गरेका थिए । पर्यावरण शुद्ध बनाउने उद्देश्यले युवाहरु वृक्षरोपण कार्यलाई निरन्तरता दिएका छन् ।

# तत्काल काम शुरु नगरे कारवाही गरिने चेतावनी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिकाको नगर प्रमुख अजय प्रकाश जैसवालले ठेक्का लिई कार्यलाई अलपत्र पारेको ठेकेदारलाई काम सम्पन गर्न अन्तिम पटक आग्रह गरेका छन् ।

जिल्लाको पश्चिमी भेगमा पर्ने कटहरिया नगरपालिका नगर प्रमुख जैसवालले नगरपालिकाको कार्यकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी आग्रह गरेका छन् ।

सो पत्रकार सम्मेलनमा नगर प्रमुख जैसवालले कटहरिया नगरपालिकाको भवन निर्माण देखि लिएर ढल निकास, बजार भवन, कोल्ड स्टोर्स लगायतका कामको ठेक्का लिएर निर्माण व्यवसायीहरु काम नगर्दा उनीहरुलाई छिटो काम सुरु गर्न आग्रह गर्दै छिटो भन्दा छिटो काम नगरे आवश्यक कारवाहीको भागी बन्न सक्ने अन्तिम पटक चेतावनी दिइएको छ ।

नगरप्रमुख जैसवालले नगरपालिकाको भवन, बजार भवन, कोल्ड स्टोर्स, ढल निर्माण लगायतका विभिन्न कार्यहरुको ठेक्का स्वीकार गरेर विगत दुई बर्ष देखि काम गर्न नसकेका निर्माण व्यवसायीहरु विरुद्ध कठोर बन्दै उक्त चेतावनी दिएका हुन् ।

आश्रय निर्माण सेवा, साह निर्माण सेवा लगायतका विभिन्न निर्माण कम्पनीहरुले विगतको बर्षमा ठेक्का सकार गरी काम संचालनमा नल्याएकोमा दुख व्यक्त गर्दै नगरप्रमुख जैसवालले अन्तिम पटक संचारकर्मीहरुको मार्फत निर्माण व्यवसायीलाई काम सुचारु गरेर निर्माण सम्पन्न गर्ने तर्फ अग्रसर हुन व्यवसायीहरुसंग आग्रह गरेका छन् ।

विकास निर्माणको कार्यमा ढिलासुस्ती गरेर नगरलाई हानी नोक्सानी पुऱ्याउदै आएका व्यवसायीहरु संग पटक पटक छलफल गरेर आग्रह गर्दा उनीहरु अटेरी गर्न थालेपछि बाध्य भएर पत्रकार सम्मेलन मार्फत अन्तिम पटक आग्रह गरिएको हो ।

यदि हाम्रो आग्रहलाई बेवास्ता गरियो भने नगरपालिकाले आवश्यक कारवाही प्रक्रिया उठाउन बाध्य हुने उनले चेतावनी समेत दिए ।

विगत ४ बर्ष अघि कटहरिया बजार व्यवस्थापनको लागि लिएको ठेक्कामा जग उठाएर त्यसै अलपत्र छाडि दिएका छन । नगरपालिका भवन त्यसै अधुरो छाडिएको छ । छेदी चोकमा कोल्ड स्टोर्स भवनको जग मात्रै उठाइएको हो । त्यस्तै जनता आवास कार्यक्रम अलपत्र पारिएको लगायत विभिन्न एक दर्जन भन्दा योजनाहरु अलपत्र पारिएको अवस्थामा पटक पटक टेबुल वार्ता गरिए पनि सम्बन्धित निर्माण कम्पनीले वेवास्ता गरेको नगर प्रमुख जयसवालले आरोप लगाउनु भयो ।

निर्माण व्यवसायीहरु ढलको लागि साईड क्लीयर गर्न भनेपछि तत्कालै साइड पनि क्लीयर गरिएको तर काम गर्न अझै आनाकानी गरिरहदा संचार क्षेत्र मार्फत सम्बन्धित निकायलाई जानकारी गराइएको वहाँले बताउनु भयो ।

# दुई सयमध्ये १८ वडा स्वास्थ्य संस्थाविहीन

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीका २० स्थानीय निकायका दुई सय वडामध्ये १८ वटा वडामा अझै स्वास्थ्य संस्था नराखिएकोमा सेवाग्राहीले गुनासो गरेका छन् । जिल्लाका ११ नगरपालिका र नौ गाउँपालिकामध्ये १४ वटा स्थानीय निकायका प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना भए पनि छ वटा स्थानीय निकायका १८ वटा वडामा भने अझैसम्म स्वास्थ्य संस्था पुग्न सकेका छैनन् ।

सरकारलेप्रत्येकवडामास्वास्थ्य संस्था स्थापना गरी नागरिकलाई प्राथमिक उपचार गर्ने लक्ष्य लिइए पनि जिल्लाका दुई सय वडामध्ये १८ वडा अझै स्वास्थ्य संस्थाविहीन छन् । जिल्लामा सबैभन्दा धैरै बागमती नगरपालिकाका छ वटा वडामा स्वास्थ्य संस्था छैनन् । उक्त नगरपालिकाको वडा नं २, ६, ७, ८, ९ र ११ मा स्वास्थ्य संस्था नरहेको त्यहाँको स्वास्थ्य शाखाले जनाएको छ ।

नगर स्वास्थ्य शाखाका अनुसार वडा नं १ मा ढुङ्ग्रेखोला स्वास्थ्यचौकी, वडा नं ५ मा राजघाट स्वास्थ्यचौकी, वडा नं १० मा शङ्करपुर स्वास्थ्यचौकी, वडा नं १२ मा कर्मैया स्वास्थ्यचौकी तथा वडा नं ३ र ४ मा सामुदायिक स्वास्थ्य एकाइ केन्द्र छन् । स्वास्थ्य संस्था नरहेका वडामा तत्कालका लागि कुनै निर्णय नभएको स्वास्थ्य शाखाले जनाएको छ । यस्तै, लालबन्दी नगरपालिकाको वडा नं ७ र ८, ईश्वरपुर नगरपालिकाको ७, ११ र १३, कविलासी नगरपालिकाको १ र १०, मलङ्गवा नगरपालिकाको ३ र ८, बरहथवा नगरपालिकाको ८, रामनगर गाउँपालिकाको ३ र ७ वडामा स्वास्थ्य संस्थाविहीन छन् । ती वडामा नजिकैको वडामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्यचौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गरिरहेको पालिकाले जनाएका छन् ।

जिल्ला सदरमुकाम मलङ्गवा नगरपालिकाको नगरमा स्वास्थ्य संस्था नरहेको दुईवटा वडामध्ये वडा नं ८ मा प्रादेशिक अस्पताल नै रहेकाले त्यहाँ स्वास्थ्य संस्था स्थापना नगरिएको नगर स्वास्थ्य शाखाका संयोजक रामनन्दन राय यादवले बताए । वडा नं ३ मा पनि नजिकैको अर्को वडामा रहेको स्वास्थ्य संस्थाबाट सेवा लिइरहेका उनले जानकारी दिए । लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक मुमताज मिकरानीले स्वास्थ्य संस्थाविहीन वडा नं ७ र ८ का बासिन्दालाई वडा नं ९ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र डुमडुमे नजिकै पर्ने भएकाले त्यहींबाट स्वास्थ्य सेवा लिइरहेका जानकारी दिए ।

जनसङ्ख्या धैरै रहेको र भूगोल ठूलो रहेको भन्दै ईश्वरपुर नगरपालिकाले वडा नं १२ कालिञ्जोरमा स्वास्थ्यचौकी भए पनि सो वडाको उत्तरी दुर्गम चुरे भेगका बासिन्दालाई ध्यानमा राखी पीपलदमारमा सामुदायिक स्वास्थ्य एकाइ, हरिपुर नगरपालिकाले वडा नं ५, असन्मा गाउँमा आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ र गोडैता नगरपालिकाले वडा नं २ बेल्वाजब्दीमा स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गरेका छन् । सरकारले सबै वडामा स्वास्थ्य संस्था पुऱ्याउने लक्ष्य लिएपछि दुई वर्षअघि जिल्लाका अधिकांश स्थानीय निकायले स्वास्थ्य संस्था नरहेका वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरेका हुन् । जिल्लामा २० वटा स्थानीय नियकाका दुई सय वडामध्ये एक सय ८५ वडामा भने स्वास्थ्य संस्था पुगेका छन् ।

सर्लाहीमा १८ वडा स्वास्थ्य संस्थाविहीन भए पनि मलङ्गवामा एउटा प्रादेशिक अस्पताल, लालबन्दी, हरिपुर, जमुनिया, अचलगढ र बरहथवामा गरी पाँच स्थानमा प्राथमिक स्वास्थ्य केन्द्र र ९५ वटा स्वास्थ्यचौकी तथा बाँकी आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ छन् ।

प्रायः सबैजसो वडामा स्वास्थ्य संस्था पुऱ्याउन लागि परे पनि दरबन्दी अनुसार स्वास्थ्यकर्मी नहुँदा र आफैँले नियुक्त गरेर पारिश्रमक दिन सक्ने अवस्था नरहेकाले समस्या भइरहेको जिल्लाका स्थानीय निकायले जनाएका छन् ।

# ५ सय ५० घर परिवारलाई ग्यास सिलिण्डर तथा चुल्हो वितरण




**ओम प्रकाश यादव**

रौतहट । रौतहटको कटहरिया नगरपालिका वडा नं.९ का सयौं घरपरिवारलाई ग्यास सिलिण्डर तथा चुल्हो वितरण गरिएको छ ।

कटहरिया स्थित शहीद तराई मधेश जनयुद्ध स्मृति प्रतिष्ठानमा शनिवार आयोजित एक कार्यक्रमका बीच कटहरिया नगरपालिका- ९ मा करिव ५ सय ५० घर परिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरिएको हो ।

पूर्व मन्त्री एवं नेकपा एमालेका स्थायी कमिटी सदस्य प्रभु साहको धुँवा चुल्हो मुक्त अभियान अन्तर्गत सो ग्यास सिलिण्डर तथा चुल्हो वितरण गरिएको एमालेका केन्द्रीय सदस्य कुन्दन कुश्वाहाले बताए ।

परम्परागत दाउराको चुल्हो बाल्दा धुँवाको कारण स्वास्थ माथि नराम्रो असर पर्ने र ग्यास चुल्हो बाट गृहिणीको समय र पैसा दुबै बचत हुने भएकाले सो क्षेत्रमा अभियान संचालन गरिएको छ ।

सो अभियान अन्तर्गत अहिलेसम्म क्षेत्र नं ३ को मौलापुर, देवाही गोनाही, कटहरिया, फतुवा विजयपुर नगरपालिकाको हजारौ हजार घरपरिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरिसकेको नेता कुश्वाहाले बताए ।

यससँगै अब कटहरिया नगरपालिका पनि धुँवा चुल्हो मुक्त नगर बन्ने निश्चित भएको छ । ग्यास सिलिन्डर तथा चुल्हो वितरण कार्यक्रममा एमालेका क्षेत्रीय इन्चार्ज एवं पूर्व मेयर सियाराम कुशवाहा, युवा संघको प्रदेश सह-इन्चार्ज नरेश तुरहा, नगर कमिटी इन्चार्ज योगेन्द्र साह लगायतका जनप्रतिनिधि तथा नेताहरुको उपस्थिति रहेको थियो ।

# ५५ औं वार्षिकोत्सव सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघको ५५ औं वार्षिकोत्सव सम्पन्न भएको छ । शनिबार संघको सभाहलमा सधारणसभा गरी वार्षिकोत्सव सम्पन्न भएको हो ।

संघका महासचिव मनोज कुमार साहले सभामा आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा व्यवसायीको हितमा संघले गरेको कामको विवरण उल्लेख गरिएको छ ।

प्रतिवेदनमा कोरोना महामारीको बेला निर्वाह गरेको भूमिकादेखि सरकारले दिएको बजेटलाई समेत प्रगति विवरणमा समेटिएको छ ।

उद्योग वाणिज्य संघको सचिवालय निर्माणको लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्रालयले २० लाख बजेट विनियोजन गरेको छ ।

यस्तै, संघको सभाहललाई प्रशिक्षण प्रयोजन तथा व्यवस्थापनको लागि सहरी विकास तथा भवन कार्यालयले पनि २५ लााख रुपैयाँ छुट् याएको प्रगति विवरणमा उल्लेख गरिएको छ ।

संघका उद्योग मन्त्रीदेखि विद्युत् प्राधिकरणका प्रमुखलाई बुझाएको ज्ञापनपत्रसमेत उपलब्धिको रुपमा देखाइएको छ ।

# प्रजातन्त्रवादी चिकित्सक संघले डा. झा र साहको सिफारिस गरे



**टुडे समाचादाता**

काठमाण्डु । आगामी मंसिरमा हुने प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक तर्फबाट चिकित्सकहरु समेत उम्मेदवारीको आकंक्षी बनेका छन् । चिकित्सा पेशामा आफ्नो पहिचान बनाइसकेका चर्चित चिकित्सकहरुलाई उम्मेदवार बनाउन प्रजातन्त्रवादी चिकित्सक संघले सिफारिस गरेको छ ।

नेपाली कांग्रेसको सुभेच्छुक संस्था प्रजातान्त्रिक चिकित्सक संघले सात जना चिकित्सकहरुलाई प्रत्यक्ष र समानुपातिक तर्फ उम्मेदवार बनाउन सिफारिस गरेको हो । संघले नेपाली कांग्रेसका सभापती शेरबहादुर देउवालाई सात जना चिकित्सकलाई प्रतिनिधि र प्रदेश सभामा उम्मेदवार बनाउन सिफारिस गरेको हो।

सिफारिस गरिएकाहरु मध्यये दुई जना चिकित्सक मधेश प्रदेशका रहेका छन् । डा अन्जनीकुमार झालाई प्रतिनिधि सभा प्रत्यक्ष तर्फ महोत्तरी ४ बाट उम्मेदवार बनाउन सिफारिस गरिएको छ । उनी लामो समय देखि चिकित्सा क्षेत्रका विभिन्न संघ संसथामा आवद्ध हुनुका साथै चिकित्सा सेवामा पनि लामो अनुभवनै छ ।

त्यस्तै डा अजय शाहलाई प्रदेश सभा प्रत्यक्ष तर्फ धनुषा-४ मा सिफारिस गरिएको छ । डा. शाह नेपाल डेन्टल एशोसिएसन धनुषाका संस्थापक अध्यक्ष र वर्तमानमा नेपाल डेन्टल एशोसिएसनका उपाध्यक्ष र डेमोक्रेट डाक्टर एसोसिएशनको सह अध्यक्ष रहेका छन् । उनको पनि डेन्टल क्षेत्रमा लामो अनुभव रहेको छ । डा केदार नरसिंह केसी केसीलाई प्रतिनिधि सभामा प्रत्यक्ष तर्फ नुवाकोट क्षेत्र नम्बर १ मा उम्मेदवार बनाउन सिफारिस गरिएको छ ।

डा मुक्तिराम श्रेष्ठलाई प्रतिनिधि सभामा प्रत्यक्ष तर्फ अर्घाखाँचीबाट उम्मेदवार बनाउन सिफारिस गरिएको छ। डा मोदनाथ मरहट्ठालाई प्रदेश साभा सदस्यका लागि प्रत्यक्ष तर्फ गोरखा २ बाट उम्मेदवार बनाउन सिफारिस गरिएको छ। डा मनोहर दिन सैयदलाई प्रतिनिधि सभा समानुपातिक तर्फ काठमाण्डु-६ मा उम्मेदवार बनाउन सिफारिस गरिएको छ ।

त्यस्तै डा सन्तोष उपाध्यायलाई प्रतिनिधि सभा प्रत्यक्ष तर्फ अछामबाट उम्मेदवार बनाउन सिफारिस गरिएको छ ।

# मधेश प्रदेश कांग्रेस सभापति यादब प्रदेश सदस्यमा नाम सिफारिस

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस रौतहट क्षेत्र १ "ख"ले प्रदेश सभा सदस्य प्रत्यक्ष तर्फबाट नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्ण प्रसाद यादबको एकल नाम



सिफारिस गरेको छ । शनिबार बसेको कांग्रेस जिल्ला क्षेत्रीय १ "क" र "ख"मा कार्यसमितिको बैठकले प्रतिनिधिसभा सदस्यमा प्रत्यक्ष र समानुपातिक दुवै तर्फका लागि उम्मेदवार सिफारिस गरेको छ ।

त्यस्तै समानुपातिकतर्फ ५ जनाको नाम सिफारिस गरेको छ । जसमा क्षेत्र १ "ख" बाट प्रदेश सभा सदस्यमा नेपाली कांग्रेस मधेश प्रदेश सदस्य एवम सूचना सचार प्रचारप्रसार विभाग प्रमुख नितेश कुमार गुप्तालाई, जिरन्जिवी सिंह, सन्तु प्रसाद यादब, प्रकाश सिह लगायतका नेताहरुको सर्वसहमत सिफारिस भएका छन् । क्षेत्र १ समेत प्रतिनिधिसभामा प्रत्यक्षतर्फमा कृष्ण प्रसाद यादबकै नाम सिफारिस ४ मात्रै निर्वाचन क्षेत्र छ । जिल्लाबाट प्रदेश कार्यसमितिमा पठाइएको उक्त सिफारिसलाई पार्टीको विधानबमोजिम अब प्रदेश कार्यसमितिले राय राखेको आधारमा केन्द्रीय संसदीय समितिले एक उम्मेद चयन गर्नेछन ।

अहिले सत्ता गठबन्धनले भागबण्डा टुङ्ग्याउन सकिरहेको छैन ।पूर्व प्रधानमन्त्री माधव नेपाल प्रतिनिधि सभा सदस्य गठबन्धन भएमा प्रदेश सभापति कृष्ण प्रसाद स्वत उम्मेदवार बन्नेछन् । त्यस्तै कांग्रेसको गठन्धनको तर्फबाट पाउने विश्चित छ । सामानुपातिक सिफारिस भएका प्रचारप्रसार प्रमुख नितेश कुमार गुप्ता र केन्द्रिय सभापति शेर बहादुर देउवा, मधेश सभापति कृष्ण प्रसाद यादब नेता हुन् भने यादब सभापति देउवा निकटकी नेता हुन् ।

कांग्रेस कृष्णले प्रदेश सभा तर्फ क्षेत्रका १ को "ख "लागि उम्मेदवार सिफारिस गरिसकेको जनाएको छ ।

# मन्दिर र विवाह भवनको उद्घाटन




**टुडे समाचारदाता**

वीरगञ्ज । वन तथा वातावरणमन्त्री प्रदीप यादवले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत निर्मित मन्दिर र विवाह भवनको उद्घाटन गरेका छन् । शनिबार मन्त्री यादवले वीरगञ्ज-१५ स्थित भिषवामा निर्मित शीतलामाई मन्दिरको उद्घाटन गरेका हुन् ।

त्यस्तै,सोही वडाको भिषवा र भेडियाहीमा निर्मित विवाह भवनको पनि उनले उद्घाटन गरेका छन् । निर्माण पश्चात मन्दिरको सुन्दरता बढ्नुका साथै त्यहाँ पुग्ने श्रद्धालुहरुलाई पूजा अर्चनामा सहजता हुने मन्त्री यादवले विश्वास व्यक्त गरे । त्यसैगरी, विवाह भवनले स्थानीयहरुलाई विवाह लगायतका धार्मिक, सांस्कृतिक र पारम्परिक कार्यक्रमहरु गर्न सहयोग पुग्ने उनले बताए ।

मन्त्री यादवको संसदीय कोषको १५ लाख रुपैयाँको लागतमा मन्दिर र ३०/३० लाख रुपैयाँको लागतमा विवाह भवन निर्माण भएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति पर्साका प्रमुख निरञ्जन साह सोनार (अजय), वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह, जिल्ला समन्वय समितिका पूर्वसभापति एवम् जनता समाजवादी पार्टीका नेता नेक महोम्मद मियाँ, वडा नम्बर १५ का वडा अध्यक्ष रमेश यादवलगायत स्थानीय, बुद्धिजीवी, नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो ।

# वीरगञ्ज विकास प्राधिकरण गठन गर्ने निर्णय

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले वीरगञ्ज विकास प्राधिकरण गठन गर्ने निर्णय गरेको छ । वीरगञ्जको वृहत्तर विकासका लागि प्राधिकरण गठन गर्न लागिएको हो ।

नगरप्रमुख राजेशमान सिंहका अनुसार नगर कार्यपालिकाको पछिल्लो बैठकबाट वीरगञ्ज विकास प्राधिकरण गठनादेश स्वीकृत गरिएको थियो । साविकको वीरगञ्ज उपमहानगरपालिकामा जोडिएका नयाँ ग्रामीण क्षेत्र तथा सहरी क्षेत्रसमेत व्यवस्थित र योजनाबद्ध विकासका लागि वीरगञ्ज विकास प्राधिकरण गठनादेश स्वीकृत गरी काम अगाडि बढाइएको हो ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलका अनुसार वीरगञ्ज विकास प्राधिकरणको गठन नयाँ कार्यक्रम हो ।

चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा मधेश प्रदेश सरकारले वीरगञ्ज विकास प्राधिकरण र जनकपुर विकास प्राधिकरण गठन गर्ने घोषणा गरेको थियो । यसका लागि रु ३० करोडको व्यवस्था गरिएको छ ।

***महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलका अनुसार वीरगञ्ज विकास प्राधिकरणको गठन नयाँ कार्यक्रम हो ।***

# कानूनी कारवाहीको माग

**टुडे समाचारदाता**

कलैया । रौतहटको मौलापुर नगरपालिका वडा नम्बर ८ सोनरनिया निवासी आमा, छोरा र बुहारीले आफूहरुको चरित्र हत्या गरेको पत्रकार सम्मेलन मार्फत जानकारी गराएका छन । देवताल



गाँउपालिका वडा नम्बर ७ का संजीव यादव संग रु ३९ लाख ठगी गरेकोमा चेक बाउन्स मुद्दामा रौतहटको गौर कारागारमा जेल जीवन विताई रहेका आत्माराम भनिने दयाशंकर प्रसाद यादवले आमा सुनैना, पत्नी सन्ध्या यादवलाई केही दिन अगाडि पर्साको वीरगञ्जमा पत्रकार सम्मेलन गरी बाराका अनिल कुमार प्रियदर्शी, र सुनिल कुमार ठाकुर लगायतका व्यक्तिहरु मिटर ब्याजी रहेको कुरा जानकारी गराएका थिए ।

आफूहरुले दयाशंकर प्रसाद यादवसंग कुनै पनि आर्थिक कारोबार नगरेको हुँदा समेत हामीहरुको चरित्र हत्या गर्ने काम गरेको हुँदा सोमा संलग्न रहेका तिनीहरु माथि मानहानी मुद्दा लगाई कानूनी कारवाही गर्नुपर्ने कलैयामा पत्रकार सम्मेलन गरी माग गरेका छन् ।

गौर कारागारमा रहेको आत्माराम, विदेशमा रहेको युगलकिशोर यादव, बाहिर रहेका किशोरी प्रसाद यादवको समेत नाम जोडी उनीहरुको उपस्थितिमा पत्रकार सम्मेलन भयो भने कुरा बाहिर आउनु हास्यास्पद कुरा हो प्रियदर्शीको भनाइ रहेको थियो ।

आत्माराम भनिने दयाशंकरले लेनदेन मुद्दा सिम्रौनगढ नगरपालिका वडा नम्बर ८ कचोर्वाका रामदिनेश यादव संग २८ लाख, देवताल गाँउपालिका वडा नम्बर ७ बस्ने संजीव कुमार यादवसंग ३९ लाख, आफनै काकाको छोरी सोनरनियाका मिन्टु यादवसंग १६ लाख, रौतहट राजदेवी नगरपालिका वडा नम्बर ७ मुडेवा बस्ने रवीन्द्रप्रसाद यादवसंग रु ६ लाख ८० हजार, बारा भोडहाका रुबी यादवसंग रु ११ लाख र आत्मरामको श्रीमती सन्ध्या यादवले मिन्टुको श्रीमानसंग रु ५० लाख सहित दर्जनौ व्यक्तिहरुसंग करिब साढे ३ करोड भन्दा बढी ठगी गरेको हुँदा ती सबै पैसा गोलमाल गर्ने, पचाउने नियतले आफनो नाम बदनामी गराएको भटिनिया निवासी अनिल प्रियदर्शीले भने ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८